


# मर्स्याङ्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ

गाउँ विकास योजना आ.व. २०७९/०८०

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार,
कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

# गाउँ विकास योजना
## आर्थिक वर्ष २०७९/०८०



# मर्स्याङ्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ

# मर्स्याङ्दी गाँउपालिकाको

## आव २०७९/०८० को गाउँ विकास योजना

**मर्स्याङ्दी गाउँपालिका**

भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७९, असार

**पुस्तक :**
गाउँ विकास योजना २०७९/०८०

**संरक्षक :**
अध्यक्ष श्री अर्जुन गुरुङ

**सल्लाहकार :**
उपाध्यक्ष श्री जुनामाया थापा
प्रमुख प्रशासकीय अधिकृत श्री प्रेमचन्द्र अर्याल

**सम्पादक मण्डल :**
सूचना प्रविधि अधिकृत : श्री भरत राज बाँस्तोला
कम्प्युटर अपरेटर : श्री बसन्त बरुवाल
प्राविधिक सहायक (शिक्षा) : श्री सृजना पाण्डे चिलुवाल

**प्रकाशक :**
मर्स्याङ्दी गाउँपालिका, लमजुङ
फोन नं ०६६-६२००२३

**इमेल :** marsyangdirm@gmail.com/info@marsyangdimun.gov.np
**वेभ साइट :** www.marsyangdimun.gov.np

**मुद्रणः**
पब्लिक छापाखाना, बेसीशहर-८, लमजुङ

# मर्स्याङ्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भुलभुले, लमजुङ



## अध्यक्षको भनाइ

मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०७९/८० को नीति, बजेट तथा कार्यक्रम मिति २०७९ असार २० गतेको गाउँसभाबाट सर्वसम्मत रुपमा पारित भएको छ । बजेटमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, संस्कृतिको संरक्षण, विपद् व्यवस्थापन, सेवा प्रवाह तथा सुशासन र सूचना प्रविधिको उच्च प्रयोगलाई विशेष प्राथमिकतामा राखिएको छ । सम्पूर्ण जनताको अपेक्षा र मागलाई सकेसम्म समेट्ने प्रयास गरिएको छ । यस बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि वार्षिक समय तालिका निर्धारण गरिनेछ र सोही अनुरुपका कार्यक्रमहरु तय गरिनेछ । आ-आफ्नो शाखा मातहतमा रहेका सम्पूर्ण कार्यक्रमहरुलाई थप प्रभावकारी, छिटो छरितो, नतिजामूखी र सेवा प्रवाहलाई थप प्रभावकारी तथा सरल बनाउन हामी सबैको प्रयत्न त्यत्तिकै महत्त्वपूर्ण र जरुरी छ । आवश्यक समन्वय र नीतिगत व्यवस्थाको लागि जनप्रतिनिधिहरुले आफ्नो भूमिकालाई थप दक्षता तथा इमान्दारिताका साथ राष्ट्र सेवकको रुपमा कार्य गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु । सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुले यस गाउँपालिकाको गाउँसभाले अपेक्षा गरे अनुरुपको र जनताको भावना अनुसार आ-आफ्नो दायित्व र कर्तव्य पूरा गर्नुहुनेछ । यस आ.व.को बजेट तथा कार्यक्रमले गाउँपालिकाको पूर्वाधार विकास, आर्थिक र सामाजिक विकास, सेवा प्रवाह र सुशासनमा जनतालाई प्रत्यक्ष सकारात्मक परिवर्तन भएको अनुभुति दिलाउन सक्नेछ भन्ने अभिलाषा सहित सम्पूर्ण योजना तथा कार्यक्रमको सफल, प्रभावकारी र नतिजामूखी कार्यान्वयन सहितको सफलताको शुभकामना व्यक्त गर्दछु ।

असार, २०७९

.........................
अर्जुन गुरुङ
अध्यक्ष

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार, कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"
Phone no: 066620023, Email: marsyangdirm@gmail.com,info@marsyangdimun.gov.np
website: www.marsyangdimun.gov.np

# विषय सूची


| क.सं | विवरण | पेज |
|---|---|---|
| १. | आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम | १ |
| २. | आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य | २५ |
| ३. | मर्स्याङ्दी गाउँपालिकाको आर्थिक ऐन २०७९ | ३० |
| ४. | आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम | ३९ |
| ५. | आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम, गापागत योजना तथा कार्यक्रम | ४२ |
| ६. | वडागत योजना तथा कार्यक्रमहरु | ४३ |
| ७. | सशर्त तर्फका योजना तथा कार्यक्रमहरु | ५२ |

# मर्स्याङ्दी गाउँपालिका

## आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार "

### मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्यहरु,

मर्स्याङ्दी गाउँपालिकाको दोस्रो गाउँसभाको पहिलो अधिवेशनमा हार्दिक स्वागत गर्दछु । मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । संवत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय मर्स्याङ्दी गाउँपालिका बासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

सर्वप्रथम लोकतान्त्रिक आन्दोलन, सशस्त्र सङ्घर्ष जनयुद्ध, परिवर्तन, क्रान्ति, सामाजिक तथा मुक्ति आन्दोलनमा शाहदत प्राप्त गर्ने सबै अमर शहिदहरुलाई स्मरण गर्दै, उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । अग्रगामी परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रज नेताहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

मर्स्याङ्दी गाउँपालिकाको विकास सुधार र समृद्धिका लागि नेपालको संविधान तथा सङ्घीय प्रदेश र स्थानीय कानून द्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानून द्वारा निर्देशित काम कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौ । नारामा उल्लेख भए बमोजिम कृषि, पर्यटन, उर्जा र पूर्वाधारको विकास नै समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माणको आधार हो ।जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास स्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ ।सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना प्रविधिको उच्चतम प्रयोग गर्न जरुरी छ ।यस्तै विषयहरुलाई प्राथमिकतामा राखेर यस गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

अब म यस मर्स्याङ्दी गाउँपालिकाको गरिमामय सभामा आगामी आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न र स्रोत साधनहरुको उपयोगमा दिशा निर्देशन गर्ने हेतुले यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसैको नीतिगत मार्गदर्शनमा रहेर आगामी आ.व.२०७९/८० को वजेट तर्जुमा गरी विनियोजन गरिनेछ । जस अनुसार गाउँपालिकाले गर्नुपर्ने विषयगत क्षेत्रहरुमा निम्नानुसारका नीति लिइनेछ।सङ्घीय र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, राजस्व वाडफाँड वापत प्राप्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान, विद्युत रोयल्टी, आन्तरिक स्रोत (राजस्व) तथा अन्य अनुदानलाई आधार मानी बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

### ❖ आर्थिक विकास नीतिः

आर्थिक विकासका क्षेत्रमा निम्न बमोजिमका नीति अवलम्बन गरिनेछ ।

## क। कृषि तथा पशुपंछी विकास नीतिः

१. एक वडा एक कृषि पशु प्राविधिकको व्यवस्था गरिनेछ ।
२. कृषि उत्पादनलाई बजारीकरणमा सहज बनाउन कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
३. कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्षेत्रको विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण गरिनेछ ।
४. भकारो तथा मलखाद सुधार नीति लिइनेछ र जमिनको वर्गीकरण गरी कृषि उपजको उत्पादकत्वमा वृद्धि गरिनेछ ।
५. उन्नत वीऊ विजनको सर्वसुलभ वितरण गरी उत्पाकत्व वृद्धि गर्ने नीति लिइनेछ ।
६. किसानहरुको वर्गीकरण गरी अनुदान वितरण गर्न मापदण्ड तयार गरिनेछ ।
७. भूमिमा रहेको दोहोरो स्वामित्वलाई न्यूनीकरणको लागि आवश्यक पहल गरिनेछ ।
८. रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
९. कृषि तथा पशु विज्ञहरुबाट प्राप्त सुझावहरुका आधारमा कृषिसँग सम्बन्धित खेती प्रणालीमा जोड दिई भूगोल र हावापानीको आधारमा उत्पादनमूलक क्षेत्र निर्धारण गरी उत्पादनमा वृद्धि गरिनेछ । उत्पादित वस्तुको बजारीकरण, प्रशोधन र वितरणमा सहकारीहरुको सहभागितालाई अभिवृद्धि गरिनेछ ।
१०. एक घर एक टनेल सहितको करेसाबारी, मर्स्याङ्दी गाउँपालिका भरी कार्यक्रमलाई अभियानकै रुपमा अगाडी बढाइनेछ ।
११. गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्धेश्यका साथ तरकारी तथा फलफूल नर्सरी स्थापना गर्न सहकारी, कृषक समूह तथा व्यवसायिक किसानहरुलाई आवश्यक सहयोग गरिनेछ।
१२. कृषि तथा पशुजन्य उत्पादनको आधारमा प्रोत्साहन गर्दै उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिइनेछ।
१३. कृषि क्षेत्रमा लगानी वृद्धि गरी उत्पादकत्व बढाउनको लागि व्याजमा अनुदान दिने कार्यक्रमलाई जोड दिइनेछ ।
१४. स्थानीय लोपोन्मुख वीऊबिजन, रैथाने वालीहरुको संरक्षण र प्रवर्द्धन गर्दै गाउँपालिका स्तरीय बीउ बैङ्कको स्थापनामा जोड दिइनेछ ।
१५. एकीकृत कृषि खेती तथा सामुहिक तथा सहकारी खेती प्रणाली र पऱ्यापर्यटन वातावरण मैत्री कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
१६. गाउँपालिकाभित्र सञ्चालित कृषि पकेट क्षेत्रहरुलाई निरन्तरता दिइनेछ।
१७. लक्षित वर्ग पहिचान गरी वडाहरुमा वितरणमुखी कार्यक्रम सञ्चालन गरिनेछ ।
१८. माछा, मासु, दूध, तरकारी र अण्डामा आत्मनिर्भर बनाई उत्पादन, प्रशोधन र विक्री वितरणमा जोड दिइनेछ ।
१९. परम्परागत भेडा, बाखा, गाई, भैंसीका घुम्ती गोठ तथा खर्कहरुलाई सुदृढ गर्दै पशु जन्यबस्तु तथा परिकारको प्रशोधन र व्यवसायीकरणमा जोड दिइनेछ ।
२०. बजार क्षेत्रहरुमा आधुनिक र व्यवस्थित पशु वधशालाको निर्माणमा सहयोग गरिनेछ ।
२१. कृषि तथा पशुपन्छी विमालाई प्रोत्साहित गरिनेछ ।

२२. घाँस तथा फलफुलको बिरुवामा गाउँपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यात गर्ने उद्धेश्यका साथ नर्सरी स्थापना गर्न आवश्यक सहयोग गरिनेछ ।

२३. आरन सुधार गरी कृषि औजार निर्माणमा प्रोत्साहन गरिनेछ ।

२४. संघ र प्रदेश सरकारको सहकार्यमा कृषि तथा पशुजन्य उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिइनेछ ।

२५. बाँदर र जङ्गली जनावरहरुको नियन्त्रणमा जोड दिइनेछ ।

२६. पेन्सन प्राप्त गरिरहेका अवकाश प्राप्त व्यक्तिहरुलाई कृषिमा प्रोत्साहन गरिनेछ ।

२७. कृषि तथा पशुपन्छीको उत्पादन बढाउँदै प्रशोधन, ग्रेडिङ, प्याकिङ र भण्डारणको व्यवस्था गर्दै कृषि बजारलाई व्यवस्थित गरिनेछ ।

२८. पशुपालनका लागि नस्ल सुधार, उन्नत तथा पोषणयुक्त घाँस विकास, चरिचरन वा खर्क विकास, पशुजन्य औद्योगिक उत्पादन तथा व्यवस्थापन गरिनेछ ।

२९. कोसेली घरको स्थापना गरी कृषिजन्य उपजहरुको बजारीकरण गरिनेछ ।

३०. कृषक क्षमता विकास, कृषि तथा पशुपन्छीसम्बन्धी तालिम, प्रविधि प्रचार प्रसार, प्राविधिक सेवा, कृषि सामग्री आपूर्ति सम्बन्धी कार्यहरू गरिनेछ ।

३१. व्यावसायिक कृषि प्रणाली र प्रवर्द्धन गर्न कृषि सहकारी स्थापना गरिनेछ ।

३२. शीत भण्डारहरूको स्थापना तथा व्यवस्थापनमा जोड दिईनेछ ।

३३. गाउँपालिकाको उत्पादन बढाउन माटो परीक्षण शिविर सञ्चालन गरिनेछ ।

३४. गोरुपालक कृषकलाई प्रोत्साहन गरिनेछ ।

## ख। पर्यटन विकास नीतिः-

१. पर्यटन विकासलाई गाउँपालिकाको आर्थिक विकासको मेरुदण्ड मानी आन्तरिक तथा बाह्य पर्यटक आगमन बढाउन प्रचार—प्रसार र पर्यटन प्रवर्द्धन गरिनेछ ।

२. ऐतिहासिक राष्ट्रिय व्यक्तित्वहरु भुगोलविद् डा.हर्क गुरुङ, युद्धनायक सरदार वीर भक्ति थापा, राष्ट्रकवि माधवप्रसाद घिमिरेका चिनारी हुने स्थलहरु संरक्षण र पार्कहरु निर्माण कार्यलाई निरन्तरता दिई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

३. फर्म स्टे जस्ता कृषि पर्यटनका क्षेत्रको विकासमा जोड दिइनेछ ।

४. परम्परागत भिरमह शिकारलाई पर्यटनसँग जोडिनेछ ।

५. संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटकीय स्थलहहरुको सुदृढीकरण गरी पर्यटन आगमन बढाउन प्रचार प्रसारमा जोड दिइनेछ ।

६. पि.पि.पि अवधारणामा पालिकाभित्रका पर्यटकीय क्षेत्रको विकास गर्ने नीति लिइनेछ ।

७. पर्यटन व्यवसायमा गुणस्तरीय सेवाको लागि तालिमको व्यवस्था गरिनेछ ।

८. जगत स्थित तातोपानी कुण्डलाई स्तरोन्नति गर्दै प्रचार प्रसार गरिनेछ ।

९. हर्सिङडाँडा, चित्रेडाँडा, बराहपोखरी, मेमेपोखरी, सुन्दरी ताल, गोरुजुरे डाँडा, ठुलीबेसीको नेवारजुङ डाँडा, मणि डाँडा, केरपु खर्क, कोंप्रो, लुम्रों डाँडा, बुकी डाँडा, फुल्पु डाँडा, तल्ङ्चो पोखरी, सम्बोछुइलिङ्ग गुम्बा, कोइछों देवी, ढुँ-साँघु र ऐतिहासिक घनपोखरा गाउँ खोइम्रो यूँ मन्दिर

लगायतका स्थानहरुमा सडक सञ्जाल तथा सुविधा सम्पन्न पर्यटन पदमार्ग बनाई भ्यू टावर, पार्क, पिकनिक स्पटको रुपमा विकसित गरिनेछ ।

१०. ढगैबेसीस्थित भक्ति थापा पार्क, बाहुनडाँडा स्थित राष्ट्रकवि माधव प्रसाद घिमिरे पार्क, ताङ्लीचोक स्थित डा.हर्क गुरुङ समाधिस्थल पार्क, शहिद सुकमान गुरुङ पार्कहरुको निर्माण तथा स्तरउन्नति गरिनेछ ।

११. ङादीस्थित मर्स्याङ्दी जलविद्युत आयोजनको ड्याम साइटमा बोटिङको व्यवस्था गरिने छ ।

१२. स्याङ्गे झरना, हामखोला झरना, बुङ झरना, अक्टोपस झरना र पेम्रो झरनाहरुमा क्यानोनिङको व्यवस्था गरी थप प्रचार प्रसार गरिनेछ ।

१३. घेर्मु—नरो—ठुल्नागी हुँदै ताल सम्म पुग्ने सडक तथा पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

१४. खानीगाँउ स्थित रक गार्डेनलाई थप व्यवस्थित गरिनेछ ।

१५. घनपोखरादेखि थुर्जुफाँट म्यारुखोला सम्म पर्यटन पदमार्ग निर्माण गरिनेछ ।

१६. खुदी—ढँगै—सिउरुङ हुँदै दूधपोखरी सम्मको धार्मिक एवं पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

१७. ताघ्रिङ—कोप्रों सडक तथा पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

१८. खुदी—घनपोखरा—थुर्जु—दूधपोखरी हुँदै मनाङ सम्मको पर्यटन पदमार्ग निर्माण गरिनेछ ।

१९. मर्स्याङ्दी गाउँपालिकाभित्र रहेका पूरातात्विक महत्वका पाटी पौवा चौतारा, मठ मन्दिर, गुम्बा चैते, ढुङ्गे धारा, ठाँटी, सत्तल, कुवा आदिको खोज अनुसन्धान गरी संरक्षण गरिनेछ ।

२०. आवश्यक अध्ययन अनुसन्धान गरी कम्तिमा ५ स्थानमा बालउद्यान निर्माण गरिनेछ ।

२१. प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक क्षेत्रहरुको संरक्षण सम्बद्र्धन र विकास गरिनेछ ।

२२. स्थानीय मौलिक कला, सांस्कृति (घाँटु, रोधी, भजन, बालुन, स्याब्रु, कृष्ण चरित्र, सोरठी, पच्यु घ्याप्रु, सेलो, लाखे, पञ्चे बाजा) संरक्षणको लागि विशेष कार्यक्रम मार्फत सहयोग गरिनेछ ।

२३. स्थानीय कच्चा पदार्थहरुबाट पर्यटन उद्योग स्थापना गरी स्वरोजगारको सिर्जना गरिनेछ ।

२४. सञ्चालनमा रहेका होमस्टेहरुलाई थप स्तरउन्नति तथा प्रवर्द्धन गर्दै नयाँ सम्भावित गाउँहरुलाई होम स्टे गाउँको रुपमा विकास गरिनेछ ।

२५. केवल कार, प्याराग्लाइडिङ, बञ्जी, र्याफ्टिङ, जिपलाइन जस्ता शाहसिक खेलहरुको सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा विकास सम्बन्धी कार्यहरू गरिनेछ ।

२६. पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।

२७. पर्यटन विकास तथा प्रवर्द्धन सञ्जाल गठन गरिनेछ ।

## ग। उद्योग तथा वाणिज्य र व्यापार व्यवसाय नीतिः-

*"कृषि, पशु तथा वनजन्य कच्चा पदार्थ उद्योगको आधार,*
*लगानीमैत्री वातावरण निर्माण गरी गाउँ गाउँमा रोजगार"*

१. कृषि, वन र जडीबुटीसँग सम्बन्धित कच्चा पदार्थहरुको प्रयोग गरी साना तथा घरेलु उद्योगहरु स्थापनामा प्रोत्साहन र सहयोग गरिनेछ ।

२. यार्सागुम्बा, वनलसुन, सतुवा, निर्मसी, दालचिनी, जटामसी, पाँचऔंले, तितेपाती, चिराईतो, कुट्की, हर्रो, बर्रो, बिख, सुगन्धवाल, अमला लगायतका जडीबुटी भएको यस गाउँपालिकामा निजी, सहकारी र साझेदारीमा जडीबुटी सङ्कलन—प्रशोधन तथा बिक्री केन्द्रको स्थापना गरी जडीबुटी संरक्षण प्रवर्द्धन र निकासीमा जोड दिइनेछ ।

३. चाँप, कटुस, उत्तीस, साल, टुनी, बिस जस्ता काठजन्य वस्तुहरुको उचित प्रयोग तथा व्यवस्थापनमा जोड दिइनेछ ।

४. ढुङगा, गिट्टी तथा बालुवाको स्रोतको संक्षिप्त प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) बमोजिम उत्खनन् र निकासी गर्ने व्यवस्था मिलाइनेछ ।

५. सार्वजनिक, सहकारी र निजी लगानी अर्थतन्त्रको तीनखम्बे नीतिलाई आत्मसाथ गरिनेछ । साथै वनजन्य कच्चा पदार्थसँग सम्बन्धित उद्योग स्थापनामा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

६. व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी ऐन, नियम र कार्यविधिलाई कार्यान्वयनमा ल्याइनेछ ।

७. कृषि,पशुपन्छी तथा वनमा आधारित साना उद्योग सञ्चालन गर्ने व्यावसायीलाई बैङ्कको ऋणको व्याजमा अनुदानको व्यवस्था मिलाइनेछ ।

८. गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

९. एक पालिका एक उद्योग ग्राम स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

१०. स्थानीय लगानीलाई संरक्षण र प्रोत्साहन गरी बाह्य लगानीलाई आकर्षण गर्न गैर आवासीय मर्स्याङ्दीवासीहरुलाई लगानीमैत्री वातावरण तयार गरिनेछ ।

११. स्थानीय श्रोत साधनमा आधारित छाला, निगाला, चोया, बाँस, राडीपाखी, बख्खु, अल्लो, जडिबुटी आदिको प्रवर्द्धन गरी उद्योग धन्दा सञ्चालन गरिनेछ ।

१२. सर्वसुलभ ब्याज, अनुदान, बिमा तथा उचित बजारको व्यवस्थापन गरिनेछ ।

१३. स्थानीय व्यापार प्रवर्द्धन गर्न हाटबजारहरुको व्यवस्था गरिनेछ ।

१४. उपभोक्ता हित संरक्षणका लागि मञ्च, सञ्जाल वा मिलनकेन्द्र गठन गरी अघि बढिनेछ ।

१५. उद्यमशीलता विकास तालिम र बीउपुँजीको व्यवस्था गरिनेछ ।

## घ। सहकारी तथा वित्तीय क्षेत्र सम्बन्धी नीतिः-

१. सहकारी संस्था सम्बन्धी स्थानीय ऐन, नियम, नीति, कानून तथा मापदण्ड कार्यान्वयन गरी नियमनमा जोड दिइनेछ ।

२. कमपूँजी र समान उद्देश्य भएका सहकारीलाई एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

३. सहकारी संस्थाको क्षमता अभिवृद्धि, प्रवर्द्धन र विकासमा जोड दिइनेछ ।

४. सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

५. सहकारीको सिद्धान्त, मूल्य र मान्यतालाई आत्मसाथ गर्दै सदस्यहरुको हितमा काम गर्न समन्वय र सहजीकरण गरिनेछ ।

## ङ। गरिबी निवारण तथा रोजगार नीतिः-

*"एक घर एक रोजगार*
*समृद्ध समाज निर्माणको आधार"*

१. एक घर एक रोजगारको नीतिलाई कानुनी व्यवस्थामा परिणत गर्ने प्रयत्न गरिनेछ ।
२. शैक्षिक तथा गैरशैक्षिक बेरोजगारहरुको लगत तयार गरी स्वरोजगार हुन चाहनेहरुको निम्ति विना धितो सुलभ व्याजदरमा कर्जा व्यवस्था गरिनेछ ।
३. वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन आवश्यक पहल गरिनेछ ।
४. पालिकामा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन गरी श्रममुलक योजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।
५. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।
६. संघ तथा प्रदेशले ल्याएको रोजगार मुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
७. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न गरी स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
८. श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गर्न जोड दिइनेछ।
९. रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
१०. पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारलाई समावेशीको न्यूनतम मापदण्ड तोकी श्रमिकलाई सञ्चालित आयोजनामा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
११. स्वावलम्बन अभियान सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ।
१२. युवा रोजगारीका लागि रुपान्तरण पहल योजना सञ्चालनलाई सशक्त रुपमा कार्यान्वयन गरिनेछ।
१३. श्रमको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।
१४. कामका लागि पारिश्रमिकमा, कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरुसँग साझेदारीका लागि पहल गरिनेछ ।
१५. युवा उद्यमशीलता विकास कोषमा रकम वृद्धि गरी थप प्रभावकारी बनाइनेछ ।
१६. समृद्धिको लागि युवा तथा श्रमिक कार्यदल बनाइ समृद्धिका लागि श्रम अभियान सञ्चालन गरिनेछ।
१७. कृषि, पर्यटन, घरेलु तथा साना उद्योग, विद्युत, लघुवित्त, सहकारी जस्ता रोजगारी सिर्जना हुन सक्ने सघन क्षेत्रमा स्थानीय तहको लगानी केन्द्रित गरिनेछ ।

१८. औधोगिक नीति तथा ऐनमा आवश्यक सुधारको व्यवस्था गरी निजी लगानीलाई प्रवर्द्धन गरी व्यापक रोजगारको सिर्जना गरिनेछ ।

१९. वैदेशिक रोजगारलाई क्रमश न्यूनीकरण गर्दै उनीहरुलाई श्रम बजारमा आवद्ध गर्न लघुकर्जा, उद्यमशीलता तालिम तथा प्रविधि उपलब्ध गराईनेछ ।

२०. वैदेशिक रोजगारमा जान चाहनेहरुलाई सुरक्षित, मर्यादित र सीपयुक्त बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

२१. गरिबीको रेखामुनि रहेका घरपरिवारहरुको पहिचान, तथ्याङ्क सङ्कलन गरी आर्थिक गतिविधि तथा रोजगारीमा प्राथमिकता दिइनेछ ।

२२. सुरक्षित नागरिक आवास कार्यक्रमलाई खरको छाना मुक्त गाउँपालिका बनाउने अभियानसँग जोडिनेछ ।

२३. भूमिहीन सुकुम्बासीहरुका न्यूनतम् जीविकाका लागि जग्गा उपलब्ध गराउन आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

२४. गरिबी निवारण कोषद्धारा समुदायलाई हस्तान्तरण गरिएको कोष सञ्चालन गर्न सशक्तीकरण गरिनेछ।

## ❖ सामाजिक विकास नीति :

### क। शिक्षाः

**"शिक्षक, विद्यार्थी, अभिभावकको एउटै इच्छा**
**प्रविधि मैत्री, प्राविधिक, व्यवसायिक तथा उच्च शिक्षा"**

१. बालमैत्री स्थानीय शासन लागू गर्ने प्रक्रिया अगाडी बढाइनेछ ।

२. शिक्षा प्राप्ति बालबालिकाको मौलिक अधिकार हो । विद्यालयहरुको सिकाइलाई नतिजामुखी तथा व्यवहारिक बनाउन गाउँपालिकाबाट पारित २५ बुँदे शैक्षिक घोषणाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिका स्तरीय शैक्षिक कार्यक्रमलाई निरन्तरता दिँदै पूर्ण रुपमा लागू गरिनेछ । उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय र विद्यार्थीहरुलाई थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. गाउँपालिकाको शिक्षण सिकाइका क्रियाकलापलाई बाल, अपाङ्ग तथा प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।

५. खानेपानी, छात्रामैत्री शौचालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयको उचित व्यवस्थापन गर्दै प्रयोगात्मक शिक्षामा जोड दिइनेछ ।

६. बालबालिकालाई नैतिक र व्यवहारिक बनाउन स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

७. मर्स्याङ्दी गाउँपालिका वडा नं. ९, ग्रामीण तालिम केन्द्रमा कृषि तर्फको ३ वर्षे डिप्लोमा कक्षा सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

८. एक पालिका एक प्राविधिक धारका विद्यालय स्थापनामा जोड दिइनेछ ।

९. भूगोल तथा विद्यार्थी संख्याको आधारमा विद्यालयहरुको समायोजन गरी उचित व्यवस्थापनमा जोड दिइनेछ ।
१०. शिक्षासँग सरोकार राख्ने गै.स.स सँग सहकार्यको नीति अगाडी बढाइनेछ ।
११. विद्यालयहरुमा क्रमशः भूकम्प प्रतिरोधी, बाल तथा अपाङ्गमैत्री संरचना निर्माणमा जोड दिइनेछ।
१२. नेपाल सरकारको एक स्थानीय तह एक नमूना विद्यालय स्थापनाको नीतिलाई आत्मसाथ गरी सहकार्यका कार्यक्रम अगाडी बढाइनेछ ।
१३. विद्यालयमा सिकाइ उपलब्धी वृद्धि गर्नको लागि विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिनेछ ।
१४. विद्यार्थीसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. विद्यालयको पूर्वाधार निर्माणमा जोड दिइने नीति लिइनेछ ।
१६. विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विशेष जोड दिइनेछ ।
१७. बाल शिक्षिकाहरुलाई मन्टेश्वरी तालिम सञ्चालन र व्यवस्थापन गरिनेछ ।
१८. विद्यालय निगरानी समूह गठन गरी विद्यालयहरुको अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
१९. प्रत्येक विद्यालयमा फ्रि वाइफाइ, अनिवार्य ICT विधि प्रयोगमा ल्याइनेछ ।
२०. राष्ट्रिय आवश्यकता अनुसार उत्पादनशील, व्यवसायिक, प्राविधिक शिक्षाको व्यवस्था गरिनेछ ।
२१. अमर मा.वि.मा एक स्नातक तहको कलेज समेत सञ्चालनमा ल्याइनेछ ।
२२. वाल विकास केन्द्रहरुको आवश्यकता अनुरुप स्थापना, विकास र सुदृढीकरण गरिनेछ ।
२३. सामुदायिक विद्यालयहरुमा आवासीय तथा छात्रबासको अवधारणा लागू गरिनेछ ।
२४. विपन्न, महिला, दलित, सीमान्तकृत, गरीब, अपाङ्ग भएका आदिको लागि छात्रवृत्ति तथा शैक्षिक विमाको व्यवस्था गरिनेछ ।
२५. एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक प्रयोगशाला, एक वडा एक सामुदायिक पुस्तकालय र वाचनालयको व्यवस्था गरी आवश्यकता अनुसार बैकल्पिक शिक्षा सञ्चालन गरिनेछ।
२६. विद्यालय उमेर समूहका सम्पूर्ण बालवालिकालाई भर्ना तथा टिकाउदरमा वृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।
२७. उचित मापदण्ड निर्धारण गरी शिक्षक दरबन्दी मिलान गरिनेछ ।
२८. गाउँ पालिका स्तरीय शिक्षा नीति निर्माण गरिनेछ ।
२९. स्वास्थ्य तथा शारीरिक शिक्षा, खेलकुद, योग र अन्य अतिरिक्त क्रियाकलापहरुको सञ्चालन गरिनेछ।
३०. आवश्यकता अनुसार विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्दै शैक्षिक स्तरमा गुणात्मक सुधारहरू गरिनेछ ।
३१. बालिका तथा अपाङ्गमैत्री शौचालय, स्यानिटरी प्याड, स्वास्थ्य परिचारिका र विभिन्न प्रोत्साहन कार्यक्रमहरु (पोशाक, खाद्य वस्तु, बैङ्क खाता, बिमा, पाठ्य, नृत्य तथा खेलकुद सामग्री आदि) ल्याइनेछ ।
३२. विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थीहरुलाई तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्दै जवाफदेही बनाइनेछ ।

३३. आवश्यकता अनुसार विद्यालय भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नतिमा जोड दिँदै बालमैत्री विद्यालय बनाइनेछ ।

३४. विद्यालयहरुमा स्वच्छ खानेपानी व्यवस्था, जंकफुड निषेधित गाउँपालिका घोषणा गरिनेछ ।

## ख। स्वास्थ्य नीतिः-

**"स्वास्थ्यमा सवै नागरिकको समान पहुँच हाम्रो लक्ष्य**
**स्वस्थ शरीर, दीर्घ जीवन, उज्ज्वल भविष्य"**

१. आधारभूत, निःशुल्क स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ साथै नियमित सेवाको पहुँचमा नरहेका जनतालाई स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२. नयाँ भवन निर्माण हुन बाँकी स्वास्थ्य चौकीहरुको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

३. आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु सञ्चालन र व्यवस्थापन गरिनेछ ।

४. यस गाउँपालिकाको खुदी र घेर्मुमा सञ्चालित ल्याव सेवालाई निरन्तरता दिइनेछ ।

५. औषधी खरिद लगायत स्वास्थ्य सेवाका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६. घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरी घरबाट प्रसुति केन्द्र सम्म एम्बुलेन्समा ल्याउने र पुऱ्याउने व्यवस्था गरिनेछ ।

७. लुकेर बसेका क्षयरोगीहरुलाई समयमा नै पत्ता लगाई उपचारको व्यवस्था मिलाउन दुरदराजमा रहेका बस्तीहरुमा खकार सङ्कलन गरी आवश्यक जाँच गरिनेछ ।

८. प्रत्येक वडामा रहेका आमा समूह र विद्यालयहरुमा किशोर किशोरीहरुलाई सम्बन्धित वडाको स्वास्थ्य संस्थाबाट प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्न व्यवस्था मिलाइनेछ ।

९. गर्भवती महिलालाई अनुमानित प्रसुती मितिभन्दा एक हप्ता अघि देखि नै अनिवार्य निगरानीका साथै आवश्यक परामर्श सेवाप्रदान गरिनेछ । साथै गर्भवती अवधिभर पोषण भत्ताको व्यवस्था गरिनेछ।

१०. स्वास्थ्य सेवा प्रवाहका क्रममा स्वास्थ्यकर्मीहरुलाई हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ ।

११. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई आवश्यक अभिमुखीकरण तालिमको व्यवस्था गरिनेछ ।

१२. पालिकामा रहेका मानसिक विरामीहरुको पहिचान गरी मनोपरामर्श तथा विपन्नहरुलाई निःशुल्क औषधीको व्यवस्था गरिनेछ ।

१३. माध्यमिक विद्यालयहरुमा विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुको माध्यमबाट स्वस्थ पालिका बनाउन प्रयत्न गरिनेछ ।

१४. स्थानीय जडीबुटी परिचयात्मक कार्यक्रम सञ्चालन गरी हाम्रो वरपर भएका अमूल्य जडीबुटीको परिचय तथा प्रयोगको बारेमा जानकारी गराइनेछ ।

१५. योगको माध्यमबाट रोग प्रतिरोधात्मक क्षमता वृद्धि गराउन जनता आरोग्य तथा स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१६. संघ र प्रदेश सरकार सँगको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१७. आधारभूत स्वास्थ्य सेवालाई सम्पूर्ण नागरिकको पहुँचमा पुऱ्याइनेछ ।

१८. स्वास्थ्यमा बिमाको व्यवस्था गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

१९. पालिका भित्रका सबै नागरिकलाई वर्षको एक पटक निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

२०. एक वडा एक एम्बुलेन्स तथा टेली मेडिसिन सेवालाई प्रवर्द्धन गरिनेछ ।

२१. ANC PNC भेटलाई निरन्तरता दिँदै मातृ तथा शिशु मृत्यु दरलाई शून्यमा झार्ने मातृ तथा शिशु संरक्षणको पूर्ण दायित्व गाउँपालिकाले लिनेछ ।

२२. छोराछोरी दुवै वरावरी, बाल संरक्षण अनुदानको माध्यमबाट कुपोषणको अन्त्य गरिनेछ ।

२३. सामुदायिक स्वास्थ्य, जन स्वास्थ्य केन्द्र, मनोपरामर्श केन्द्र, रक्त सञ्चार केन्द्र स्थापना गरिनेछ ।

२४. पोषण केन्द्र तथा पोषण लक्षित सामुदायिक कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. महिलाहरुको प्रजनन अधिकारको सुनिश्चित गर्दै प्रजनन स्वास्थ्य लगायत अन्य रोगको लागि विशेषज्ञ डाक्टरहरुको व्यवस्था गरी शिविर सञ्चालन गरिनेछ ।

२६. हालको कुपोषण दरलाई न्युनीकरण गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. शतप्रतिशत स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा उपलब्ध गराइनेछ ।

२८. घर परिवार, विद्यालय, सार्वजनिक स्थल, सभा भेलाहरुमा जङ्क फुडलाई न्यूनीकरण गर्दै स्थानीय अर्गानिक खाद्यवस्तुको प्रयोगलाई बढवा दिइनेछ ।

२९. महामारी, विपद् तथा अन्य स्वास्थ्य जोखिम व्यवस्थापनको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

३०. जेष्ठ नागरिक, विपन्न तथा अपाङ्गता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य बिमा तथा सहज औषधोपचारको प्रबन्ध मिलाइनेछ ।

३१. पोषणयुक्त गाउँपालिका बनाइनेछ ।

## ग। खानेपानी, फोहोरमैला व्यवस्थापन तथा सरसफाइ नीतिः-

**"एक घर एक धारा तथा सरसफाई हाम्रो लक्ष्य**
**स्वास्थ्य, समृद्ध तथा समुन्नत भविष्य"**

१. नागरिकहरुलाई सुरक्षित खानेपानीको व्यवस्था गर्न क्रमिक रुपमा एक घर एक धारा अभियानलाई निरन्तरता दिई सुरक्षित पिउने पानी व्यवस्था गर्ने नीति लिइनेछ।

२. आफ्नो घर, टोल, बस्ती, वडा र गाउँपालिका सफा र सुरक्षित बनाउन पूर्ण सरसफाई उन्मूख योजनालाई कार्यान्वयनमा ल्याइने र सरसफाईका सूचकहरु तोकी कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ।

३. खानेपानीका मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ।

४. फोहोरमैला संकलन, वर्गीकरण र यसको उचित व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ। साथै फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने नीति लिइनेछ।

५. विभिन्न खानेपानी तथा सिँचाई आयोजनहरुका उपभोक्ता समितिलाई जलस्रोत उपयोग सम्बन्धी ऐन तथा कार्यविधिका दायराभित्र ल्याई जलस्रोत आपूर्तिलाई व्यवस्थित गर्ने नीति लिइनेछ।

६. उचित ढल व्यवस्थापन नीति लिइनेछ।

७. जलाधार तथा खानेपानीहरुको मुहान संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

८. सबै नागरिकमा स्वच्छ खानेपानीको पहुँच भएको गाउँपालिका घोषणा गरिनेछ ।

९. “सफा र सुन्दर गाउँ — सबै मिलि बनाऔं” नीति अवलम्बन गरिनेछ ।
१०. सफा मर्स्याङ्दी अभियानलाई निरन्तरता दिइनेछ ।
११. फोहोरमैला सङ्कलन, प्रशोधन, पुनप्रयोग तथा व्यवस्थापनको प्रभावकारी गुरुयोजना बनाई थप व्यवस्थित गरिनेछ ।
१२. फोहोर मैला व्यवस्थापन र सरसफाइ सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१३. प्लाष्टिक र शिशाजन्य वस्तुको प्रयोगलाई न्युनीकरण गर्दै दुना टपरी जस्ता स्थानीय श्रोत साधनबाट निर्मित सामाग्रीको प्रयोगलाई बढवा दिइनेछ ।
१४. प्लाष्टिकमुक्त गाउँपालिका बनाइनेछ ।

## घ। युवा तथा खेलकुद विकास नीतिः-

**“बालबालिका तथा युवा सबैको खेलकुदमा अभियान**
**स्वस्थ र दीर्घ जीवन मर्स्याङ्दी गाउँपालिकाको पहिचान”**

१. नियमित शारीरिक व्यायम र योग सम्बन्धी क्रियाकलापलाई अभिवृद्धि गर्ने नीति लिइनेछ ।
२. मर्स्याङ्दी गाउँपालिका खेलकुद विकास समितिको गठन गरी खेलकूदको योजनावद्ध विकास गरिनेछ ।
३. वडा स्तरीय मर्स्याङ्दी रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
४. एक वडा एक खेलमैदान निर्माण गरी खेलकुदको विकासमा जोड दिइनेछ ।
५. अन्तर विद्यालय शहीद सुकमान स्मृति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ ।
६. एक विद्यालय एक खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।
७. गाउँपालिका भित्र अन्तर क्लव स्तरीय खेलकूद गतिविधिहरु सञ्चालन गरिनेछ ।
८. स्थानीय पाठ्यक्रममा खेलकुदलाई समावेश गरिनेछ ।
९. व्यवसायिक खेलाडीको प्रवर्द्धनका लागि जीविकोपार्जन गर्न गाउँपालिका स्तरीय विशेष भत्ताको व्यवस्था गरिनेछ ।
१०. ¥याफ्टिङ, क्यानोनिङ, प्याराग्लाइडिङ, माउन्टेनेयरिङ, स्केटिङ, डाउन हिल साइक्लिङ जस्ता शाहसिक खेलको व्यवस्था गरी यसलाई पर्यटन विकाससँग जोडिनेछ ।
११. वैदेशिक रोजगारलाई न्यूनीकरण गर्दै सीप विकास, स्थानीय श्रोत साधनको सहि परिचालन, बाँझो जग्गा जमिनको सामूहिक तथा सहकारी खेती प्रणाली, जलश्रोत तथा पर्यटनको विकास गरी युवा रोजगारको प्रवर्द्धन गरिनेछ ।
१२. वडा तथा गाउँपालिकास्तरीय युवा क्लवहरुको सञ्जाल गठन गरी युवा रोजगार तथा स्वरोजगारको सुनिश्चितताको लागि अभियान अगाडी बढाइनेछ ।
१३. युवा उद्यमशीलता विकास तालिम, व्यावसायिक सिपमूलक शिक्षा र इन्टर्नसिपको व्यवस्था गरिनेछ।
१४. छुवाछुत, दाइजो, जातीय तथा लैङ्गिक भेदभाव, अन्धविश्वास, कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउँदै समाजको रूपान्तरणमा युवाहरूको भूमिका बढाइनेछ ।

१५. युवाहरूको राजनीतिक संलग्नता र नेतृत्व क्षमता विकास गर्दै सामाजिक, आर्थिक र राजनीतिक माध्यमबाट स्थानीय विकास निर्माणमा युवा परिचालन गरिनेछ ।

१६. विपद्, महामारी, विकास निर्माण कार्य, सरसफाइ तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिमा युवा स्वयंसेवकहरूको परिचालन गरिनेछ ।

१७. जिल्ला र राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउँपालिकाभित्र एक बहुउपयोगी खेलमैदान र कवडहल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

## ङ। संस्कृति, लक्षित वर्ग, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### अ। संस्कृति नीतिः-

**“बचाऔं हाम्रा भएका सबै कला संस्कृति**
**सुन्दर हाम्रो मर्स्याङ्दीको प्रकृति”**

१. परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्द्धनमा जोड दिइनेछ । बालुन, सोरठी, घाटु, कृष्ण चरित्र, सेर्गा, तमरोछोरी, झ्याउरे, तामाङ सेलो, भजन, चुड्का जस्ता साँस्कृतिक सम्पत्ति तथा परम्परागत पञ्चेबाजा तथा अन्य लोक बाजाहरुको संरक्षणमा जोड दिइनेछ।

२. साँस्कृतिक सङ्ग्रहालय स्थापनामा उचित पहल गरिनेछ ।

३. पुरातात्विक महत्वको स्थान र सामग्रीको पहिचान तथा संरक्षण गरिनेछ ।

४. परम्परागत पानी घट्ट, ढिकी जाँतोको संरक्षण प्रवर्द्धन गरिनेछ ।

५. स्थानीय कला, संस्कृति, भेषभुषाको संरक्षण गर्ने नीति लिइनेछ ।

६. राष्ट्र कवि माधव प्रसाद घिमिरे र कविवर डिल्लीजङ्ग गुरुङको नाममा साहित्य प्रतिष्ठान गठन गरी साहित्यिक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. घेर्मु १६ औं शताब्दीको घले राजाको राजधानी भएको ऐतिहासिक स्थल संरक्षण संवर्द्धन गरिनेछ।

### आ। महिला समानता र सशक्तीकरणः

**“अवसर र अधिकारमा महिला पुरुष दुवै बराबरी**
**विभेद, हिंसा तथा असमानता विरुद्ध हाम्रो खवरदारी”**

१. स्थानीय तहको रोजगारी, उपभोक्ता समिति र व्यवस्थापन समिति गठन गर्दा कम्तीमा ५० प्रतिशत महिलाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

२. महिलाको सम्पत्तिमा अधिकार स्थापित गर्न महिलाको नाममा पास हुने घर जग्गाको रजिष्ट्रेसन शुल्कमा छुट गरिनेछ ।

३. महिला लक्षित आयमूलक तथा सीप विकास तालिम व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ ।

४. महिला विरुद्धको विभेदकारी कानुन सामाजिक मूल्य मान्यताको अन्त्य गरी समतामूलक समाजको स्थापना गरिनेछ ।
५. वडा तथा गाउँपालिकास्तरीय महिला सञ्जाल गठन गरी महिला सशक्तीकरणको अभियानलाई अगाडि बढाईनेछ ।
६. वालविवाह, लौङ्गिक हिँसा, घरेलु हिँसा, बोक्सी जस्ता अमानवीय कुराहरुको निर्मुल पार्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
७. नीति निर्माणको तहमा महिलाको उपस्थितिलाई प्राथमिकतामा राख्दै दलित, आदिवासी, जनजाति महिला एव अल्पसंख्यक महिलाका समस्यालाई ध्यान दिई विशेष कार्ययोजना निर्माण गरिनेछ ।
८. एकल महिलाहरुको लागि आय आर्जन तथा सीप विकासको व्यवस्था गरिनेछ ।
९. एकल महिला सञ्जाल गठन गरिनेछ ।
१०. बुहारी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

## इ। जेष्ठ नागरिकः

**"मर्स्याङ्दी गाउँपालिकाको एउटै लक्ष्य**
**जेष्ठ नागरिकहरुको सम्मानित र सुरक्षित भविष्य"**

१. जेष्ठ नागरिकहरुको अनुभव तथा सीप पछिल्लो पुस्तामा हस्तान्तरण गर्नका लागि प्रत्येक वडामा वडा स्तरीय जेष्ठ नागरिक मञ्च, जेष्ठ नागरिक मिलन केन्द्र वा सञ्जाल गठन गरिनेछ ।
२. ६० वर्ष देखि ६७ वर्ष उमेर समूहका एकल पुरुषलाई सम्मान स्वरुप मासिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिनेछ ।
३. वार्षिक रुपमा कम्तीमा एकपटक जेष्ठ नागरिकहरुलार्य धार्मिक पर्यटकीय ऐतिहासिक स्थलहरुमा सद्भावना तथा देशदर्शन भ्रमण गराइनेछ ।
४. जेष्ठ नागरिक योगाभ्यास केन्द्रको स्थापना गरिनेछ ।
५. जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।

## ई। बालबालिकाः

**"बालबालिका भविष्यका कर्णधार**
**गाउँपालिका निर्माणका आधार"**

१. विपन्न वर्गका बालबालिकाको सर्वाङ्गीण विकास गर्न वालसंरक्षण अनुदानको व्यवस्था गरिनेछ ।
२. गरीव असहाय अपाङ्ग अशक्त बालबालिकाको लागि शिक्षा स्वास्थ्यमा पहुँच पुऱ्याउन विशेष व्यवस्था गरिनेछ ।
३. वडा स्तरीय बाल उद्यान, बाल मनोरञ्जन स्थल, बालगृह आदिको व्यवस्था गरिनेछ ।
४. विद्यालय स्तरीय, वडा स्तरीय र गाउँपालिका स्तरीय बालक्लव गठन गरिनेछ ।
५. बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन अन्तरविद्यालय गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

६. वालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु पूरा गर्ने गरी वालमैत्री वडा घोषण गर्दै बालमैत्री गाउँपालिका घोषण गरिनेछ ।
७. पोषणको स्थितिले जोखिमयुक्त बालवालिकालाई लक्षित गरी बच्चा र आमाको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
८. बालश्रमको अन्त्य, बालमैत्री शासन तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
९. गैसस र सामाजिक तथा धार्मिक संस्थाहरूसंग सहकार्य गरी अनाथालय, सेवाकेन्द्र तथा आश्रम निर्माण गरिनेछ ।

## उ। अपाङ्ग, असहाय र अल्पसङ्ख्यकः

**"शिक्षा सीप प्रतिनिधित्व अवसर र रोजगारी**
**अपाङ्ग, असहाय र अल्पसंख्यक स्थानीय सरकारको जिम्मेवारी"**

१. अपाङ्ग, अशक्त, अल्पसंख्यकहरुलाई शिक्षा आयआर्जन सम्बन्धी सीप विकास र राहतको विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
२. लोपोन्मुख, सीमान्तकृत, तेस्रो लिङ्गी, अपाङ्ग, अशक्त र अल्पसंख्यकहरुको गाउँपालिका स्तरीय अभिलेख राखी सहयोगको व्यवस्था मिलाइनेछ ।
३. अपाङ्ग, अशक्त र अल्पसङ्ख्यकहरुको पहिचान, प्रतिनिधित्व र हकको व्यवस्था गरिनेछ ।
४. अपाङ्गताको अवस्था हेरी सो व्यक्ति वा परिवारलाई लक्षित गरी विशेष सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
५. ग वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ ।

## ऊ। दलितः

**"विभेद र छुवाछुत मुक्त गाउँपालिका निर्माण**
**मर्स्याङ्दी गाउँपालिकाको प्रमुख अभियान"**

१. शिक्षामा समान पहुँच स्थापित गर्न दलितहरुका लागि विशेष शैक्षिक कार्यक्रमको व्यवस्था गरिनेछ।
२. दलितहरुको बीचमा स्वरोजगार सिर्जना गर्न सर्वसुलभ कर्जा, लघुकर्जा, प्रविधि र उद्यमशिलता तथा आयमूलक तालिम आदिको व्यवस्था गरिनेछ ।
३. वडा तथा गाउँपालिकास्तरीय दलितहरुको सञ्जाल, मञ्च, मिलनकेन्द्र गठन गरी सशक्तीकरणको अभियानमा अगाडी बढाइनेछ ।
४. दलितहरुले गर्दै आएको पेशा तथा व्यवसायलाई संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यक्रमको व्यवस्थापन गरिनेछ ।
५. छुवाछुतलाई सामाजिक र कानुनी अपराधको रुपमा लिई सामाजिक विभेदको अन्त्य गरिनेछ ।
६. संविधानमा उल्लेख भएका दलितका हक सम्बन्धी कार्यक्रमहरू सङ्घ तथा प्रदेशको सहकार्यमा अघि बढाउने व्यवस्था गरिनेछ ।

## ए। जनजातिः

**“शिक्षा, स्वास्थ्य, रोजगार — सबै जनजातिको साझा अधिकार”**

१. शिक्षा, स्वास्थ्य र रोजगारमा समान पहुँचका लागि विशेष व्यवस्था गरिनेछ ।

२. सबै जातजातिको पहिचानका लागि जातीय सङ्ग्रहालयको स्थापना गरिनेछ ।

३. जनजातिहरुको सीपमा आधारित घरेलु उद्योगधन्दाहरु राडी पाखी, बख्खु, चोया डोका आदिको संरक्षण एव व्यवसायिक उत्पादनमा जोड दिइनेछ ।

४. जनजातिहरुको धर्म संस्कृति, चाडपर्व परम्परा संरक्षण र प्रवर्द्धन लागि जनजाति लगायत सबै जातजातिहरुको पहिचान र उत्थानका लागि समावेशी आयोग मार्फत अगाडी बढाउन प्रयास गरिनेछ ।

५. वडा तथा गाउँपालिका स्तरीय जनजातिहरुको सञ्जाल, मञ्च, मिलनकेन्द्र गठन गरी जनजाति हकहित तथा अधिकारको संरक्षण गरिनेछ ।

## ऐ। बालविवाह, लैङ्गिक हिंसा सामाजिक कुरीति, विभेद र छुवाछुत अन्त्य गर्ने अभियान सम्बन्धी नीतिः

१. बालविवाह गर्नु कानुनको विपरित र अपराध समेत भएकाले बाल विवाह अन्त्य गर्न विद्यालय र वडा स्तरीय भेला गरी कानुनी सचेतना र सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. लिङ्ग पहिचान गरी गर्भपतन गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

३. सामन्ती राज्य व्यवस्थाले दलित समुदायमाथि गर्ने गरेको जातीय विभेद व्यवस्थाका कारण कायम रहेको दलन, बहिष्करण, जातीय भेदभाव तथा छुवाछुत, अन्त्य गर्नका लागि गाउँपालिकाले गरेको सार्वजनिक प्रतिवद्धतालाई कार्यान्वयन गरिनेछ ।

४. महिलाहरु माथि लिङ्गकै आधारमा हुने भेदभाव, हिंसा, अपहेलना र बहिष्करण अन्त्य गर्ने अभियान सञ्चालन गर्दै महिला माथि हुने हिंसाको दोषी माथि कानुनी कारबाही बढाउन आवश्यक समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।

## ❖ शहिद तथा वेपत्ता योद्धा र शहिद परिवार सम्बन्धी नीतिः

१. जनयुद्धका चरणमा बलिदान गर्नुहुने महान शहिदहरु कोपिला घिमिरे(आस्था), परशुराम गुरुङ, सुक बहादुर बि.क.,एण्डु क्षेत्री, बेपत्ता योद्धा तेज बहादुर भण्डारी, महङ्गी, भ्रष्टाचार विरुद्धको आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सुकमान गुरुङको सम्मान र सम्झनामा खुदी बजारमा स्थापना गरिएको शहिद तथा वेपत्ता स्मृति भवनलाई सार्वजनिक पुस्तकालयको रुपमा स्थापना गरिनेछ ।

२. गाउँपालिकाको संरक्षकत्वमा स्थापना गरिएको शहिद तथा वेपत्ता स्मृति अध्ययन केन्द्रलाई आवश्यक सहयोग गरी शहिद तथा वेपत्ता योद्धाको स्मरणमा स्मृति कार्यक्रमहरु सञ्चालन गर्ने र जीवनीहरु प्रकाशन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

३. शहिद तथा वेपत्ता योद्धा स्मृति पार्क निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४. गणतन्त्र प्रासिको निम्ति सञ्चालित जनयुद्धको क्रममा तत्कालीन शाही सत्ताबाट वेपत्ता पारिएका तत्कालीन शिक्षक तथा सामाजिक अभियन्ता तेज बहादुर भण्डारीको स्थिति सार्वजानिक गर्न संघीय सरकार र मातहतका निकायसँग आवश्यक पहल गरिनेछ ।

## ❖ राष्ट्रिय व्यक्तित्व, स्थानीय राजनैतिक, सामाजिक अभियन्ताहरुको सम्मान तथा स्मरण सम्बन्धी नीतिः—

१. गाउँपालिकाको भूगोलभित्र जन्मिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यत्तित्वहरु सरदार वीर भक्ति थापा, राष्ट्रकवि माधव प्रसाद घिमिरे, डा. हर्क गुरुङ, कविवर डिल्लीजङ्ग गुरुङ, डा.सूर्य सुवेदी लगायत विभिन्न कालखण्डका जनप्रतिनिधि, शैक्षिक व्यक्तित्व र सामाजिक अभियन्ताहरुको जीवनी प्रकाशन गर्न आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

२. राष्टकवि माधव प्रसाद घिमिरे र डा. हर्क गुरुङको सम्मान तथा स्मरणमा बेसीशहर—चामे सडकको नामाकरणका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

## ❖ मदिरा नियन्त्रण अभियानः-

१. मदिरा नियन्त्रण सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. अनियन्त्रित मदिरा सेवनका कारण सामाजमा हुने झै—झगडा मानव स्वास्थ्यमा पर्दै गएको असरहरुलाई मध्य नजर राख्दै मदिरा सेवनलाई निरुत्साहित गर्न मदिरा सेवनबाट मानव स्वास्थ्यमा पर्ने असर र समाजमा उत्पन्न हुने समस्याहरुको बारेमा सचेतना फैलाउने नीति अवलम्बन गरिनेछ।

## ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः-

**“घरघर बस्ती बस्ती सर्वैतिर जागौं**
**वन तथा वातावरण संरक्षणमा लागौं”**

१. गाउँपालिकाका विपद् जोखिम क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गरी आवश्यकता अनुसार बस्ती स्थानान्तरणको नीति लिइनेछ ।

२. विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

३. भू—क्षय तथा नदी नियन्त्रण, सेनेटरी ल्याण्डफिल्ड साइट निर्माण, जग्गा पुनर्स्थापना जलवायु परिवर्तन, प्राकृतिक ताल तलैया र सिमसार क्षेत्रको संरक्षण गरिनेछ ।

४. भू—क्षय बाढी पहिरो अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, खडेरी, सुखा, भूकम्प, महामारी रोग जस्ता विपदको उचित व्यवस्थापन गरिनेछ र जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने सचेतनामूलक कार्यक्रहरु सञ्चालन गरिनेछ ।

५. लघुविद्युत, सौर्य तथा वायु ऊर्जा, वायोग्याँस र ग्रामीण ऊर्जा सुधारिएको चुल्हो जस्ता नवीकरणीय ऊर्जाको व्यवस्था गरिनेछ ।

६. राष्ट्रिय वनलाई सामुदायिक तथा कबुलियत वनमा ल्याई संरक्षण गरिनेछ ।
७. चिराइतो, सतुवा, पाँचऔले, वनलसुन, निरमसी, तेजपत्ता, अमला, हर्रोबर्रो, चिउरी, यार्सगुम्बा, जटामसी, टिमुर, सर्पगन्धा, पिप्ला, लप्सी जस्ता जडीबुटी तथा वनजन्य बस्तुलाई सङ्कलन प्रशोधन तथा व्यवसायिक खेती गरी रोजगारी सिर्जना गरिनेछ ।
८. ACAP तथा MCAP सँग सहकार्य गरी वन, वन्यजन्तु संरक्षण गर्ने र पर्यटन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।
९. जल स्थल र ध्वनि प्रदूषण कम गर्नको लागि विषय विज्ञहरुसँग आवश्यक परामर्श गरी नियन्त्रणको प्रयास गरिनेछ ।
१०. सार्वजनिक स्थल तथा बजारहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
११. वनजन्य कच्चा पदार्थसँग आधारित घरेलु उद्योगहरुको प्रवर्द्धनमा जोड दिइनेछ ।
१२. सबै घरधुरीहरुलाई धुवाँरहित भान्छाघरको रुपमा विकास गरिनेछ ।
१३. पूर्वाधार विकास कार्य गर्दा बायोईन्जिनियरिङमा जोड दिइनेछ ।
१४. विपद्बाट हुने मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धी कार्यहरू र नदी तटबन्धन तथा बाढी नियन्त्रणसम्बन्धी कार्यहरू गरिनेछ ।
१५. वन डँढेलोबाट हुनसक्ने क्षति रोक्ने प्रतिकारात्मक तथा उपचारात्मक कार्यक्रम तय गरिनेछ ।
१६. विभिन्न प्रकारका विपद्हरूको सामना गर्न पूर्वतयारी तथा आपतकालीन उद्धार, राहत एवं पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यहरू गरिनेछ ।
१७. वनक्षेत्रमा हुने मानवीय अतिक्रमण रोक्न प्रदेश र सङ्घसँग सहकार्य गरिनेछ ।
१८. सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा जडिबुटी एवं वन पैदावर उत्पादन, प्रशोधन तथा बजारीकरणसम्बन्धी कार्यहरू गरिनेछ ।
१९. सरकारी वनको संरक्षण, वैज्ञानिक वन व्यवस्थापनमा जोड दिई सामुदायिक वनहरुको व्यवसायीकरण र वृक्षरोपणमा जोड दिइनेछ ।
२०. फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरण संरक्षण र सरसफाइमा जोड दिइनेछ ।
२१. वन्यजन्तु तथा जडीबुटी चोरी शिकारी, निकासी, अनियन्त्रित वन फडानी, डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै कानुनी कारवाहीलाई कडाईका साथ लागू गरिनेछ।
२२. ढुङ्गा गिटी, बालुवा जस्ता प्राकृतिक स्रोतको प्रयोग र परिचालन गर्दा स्थानीय जनतासँग समन्वय गर्ने नीति लिइनेछ ।
२३. विपद्बाट आइपर्ने मानवीय तथा भौतिक क्षतिको अवलोकन गरी विपद् व्यवस्थापन कोषबाट कार्यविधि अनुसार राहत वितरणलाई निरन्तरता दिइनेछ ।
२४. सार्वजनिक जग्गालाई लिजमा दिई उपयोग गर्ने नीति लिइनेछ ।
२५. वडास्तर र गाउँपालिकास्तरमा बनेको विपद् व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, रेडक्रस जस्ता संघ संस्थाहरुसँग सहकार्य गर्दै विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
२६. जलवायु परिवर्तनले मानव र जीवजन्तुमा पर्दै गएको प्रतिकुलतालाई अनकुलतामा ल्याउन स्थानीय जलवायू अनकुलन योजना र सामुदायिक अनकुलन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
२७. दुर्लभ वन्यजन्तु रेड पाण्डाको संरक्षणमा जोड दिइनेछ ।

## ❖ पूर्वाधार विकास नीतिः

### क। सडक, भवन तथा पुलः-

**"मर्स्याङ्दी गाउँपालिकककको आधुनिक भौतिक पूर्वाधार**
**नमुना गाउँपालिका पहिचानको पहिलो आधार"**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ को उपदफा २ मा गाउँपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दायाँ बायाँ अधिकार क्षेत्र (राइट अफ वे) पालना गराउनु पर्ने व्यवस्था भए अनुसार यस गाउँपालिका भित्र पर्ने सडकको मापदण्डको लागि आवश्यक कानून बनाइ लागू गरिनेछ ।
२. घोडेटो र गोरेटो बाटोहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरी निर्माण कार्य अगाडी बढाइनेछ ।
३. अन्नपूर्ण चक्रीय वैकल्पिक पैदल मार्गको संघ तथा प्रदेश सरकारको साझेदारीमा निर्माण कार्यलाई अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।
४. अधुरा वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न गरिनेछ ।
५. गाउँपालिका भित्र आवश्यक ठाउँहरुमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।
६. सामुदायिक भवनहरुको मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ ।
७. सडकले काटिएको जग्गाहरुको लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ ।
८. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको प्रक्रियालाई अगाडी बढाइनेछ ।

### ख। विद्युत तथा ऊर्जा विकास नीतिः-

**"विद्युतीकरण गरी उज्यालो बनाऔं गाउँभरि**
**मर्स्याङ्दी गाउँ सरकारको जिम्मेवारी"**

१. एक मेगावाट सम्मको जलविद्युत आयोजनाको सम्भावना अध्ययन गरी सार्वजनिक—निजी साझेदारीमा सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि तर्जुमा गरिनेछ ।
२. सङ्घ, प्रदेशसँगको सहकार्यमा विघुतीय चुल्हो वितरणको नीति लिइनेछ ।
३. गाउँपालिका भित्रका विद्युतको पहुँच नपुगेका बस्तीहरुमा विद्युत विस्तारको नीति लिइनेछ ।
४. विद्युतको गुणात्मक स्तरमा वृद्धि गर्न सम्बन्धित सबै निकायसँग समन्वय गरिनेछ ।
५. वैकल्पिक ऊर्जामा संघ र प्रदेश सरकारसँग अनुदान माग गरी होमस्टे सञ्चालन भएका बस्तीहरु र बजार क्षेत्रहरुमा सोलार बत्तीको व्यवस्था गरिनेछ ।
६. "मर्स्याङ्दी गाउँपालिकाको पानी ऊर्जामा लगानी" लाई अभियानको रुपमा अगाडी बढाई हाइड्रोमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक प्रक्रिया अगाडी बढाइनेछ, साथै गाउँपालिकाभित्र निर्माणाधीन जलविद्युत आयोजनाहरु समयमा नै सम्पन्न गर्नका लागि आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।
७. मर्स्याङ्दी, खुदी र डादी करीडोरमा सञ्चालन हुने जलविद्युत आयोजनाहरुलाई EIA अनुसार छरछिमेक कार्यक्रम सञ्चालनमा गाउँपालिकाको समन्वयमा पारदर्शी रुपमा सञ्चालन गर्न लगाइने छ ।

८. सञ्चालित जलविद्युत आयोजनाहरुमा स्थानीय स्रोत, साधन र श्रमको उपयोगमा आवश्यक पहल गरिनेछ ।
९. जलश्रोत र जलविद्युतको विकासलाई मर्स्याङ्दी गाउँपालिकाको रोजगारी, समृद्धि र विकासको पहिलो आधार बनाइनेछ ।
१०. अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन योजना बनाइ मर्स्याङ्दी गाउँपालिकालाई हाइड्रो मैत्री गाउँपालिका घोषणा गरी साना जलविद्युत आयोजना आन्तरिक लगानीबाट र मझौला तथा ठूला आयोजनाहरु प्रदेश, संघ तथा विदेशी लगानीबाट निर्माण गर्ने नीति अनुशरण गरिनेछ ।
११. ग्रामीण विद्युतीकरणमा विशेष जोड दिइनेछ ।
१२. जीर्ण पोलहरुलाई स्टिल पोल, सिङ्गल फेजहरुलाई थ्रि फ्रेजमा परिणत गर्दै ट्रान्सफरमरहरुको क्षमता र गुणस्तरता ध्यान दिँदै विद्युतीकरणको स्तर उन्नतिमा जोड दिइनेछ ।
१३. बायोग्यास, सौर्य ऊर्जा, वायुऊर्जा, लघु जलविद्युतलगायतका वैकल्पिक ऊर्जाका प्रयोगबाट सबै परिवारमा आधुनिक ऊर्जा पुऱ्याइनेछ ।

## ग. आवास व्यवस्थाः

१. सङ्घ र प्रदेशसँगका सहकार्यमा जनता आवास, सुरक्षित आवास, विपद् पीडित आवास, दलित तथा विपन्न समुदायको आवास कार्यक्रम अघि बढाइनेछ।
२. बजार तथा सडक क्षेत्रमा भवन संहिता एवं मापदण्डको तर्जुमा गरी कार्यान्वयन र अनुगमन गरिनेछ ।
३. घर नक्सा पास प्रणालीलाई कार्यान्वयनमा ल्याई घर भवन निर्माणको नियमित अनुगमन गरिनेछ।
४. राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
५. भूमिहीन तथा सुकुम्बासीहरुको तथ्याङ्क सङ्कलन गरी "आवास तथा रोजगार कार्यक्रम" अगाडी बढाइनेछ ।
६. एक गाउँ एक बहुउद्वेश्यीय सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गरिनेछ ।
७. स्वच्छ हराभरा वातावरणमैत्री शहर, मर्स्याङ्दीको रहर भन्ने नाराका साथ व्यवस्थित बजार विकास कार्यक्रमलाई जोड दिई आगामी १० वर्ष भित्र नगर पालिकामा विकास गरिनेछ ।
८. एकवडा एक स्मार्ट गाउँ, मर्स्याङ्दी गाउँपालिकालाई नमुना बनाऔँ भन्ने नाराका साथ स्मार्ट गाउँ निर्माणको सूचक तयार गरी पाँच वर्षमा कम्तीमा ९ स्मार्ट गाउँ तयार गरिनेछ ।

## ❖ न्यायिक नीति (मेलमिलाप सम्बन्धी)

**"न्याय, मेलमिलाप शान्ति हाम्रो मूल मन्त्र**
**दीगो विकास, आपसी सद्भाव र लोकतन्त्र"**

१. स्थानीय सरकारलाई संविधानले न्यायिक अधिकार समेत प्रदान गरेकाले न्यायिक समिति मार्फत समाजमा हुने विवादलाई मेलमिलाप गराउने र अन्यायमा परेका पीडित व्यक्तिहरुलाई क्षतिपूर्ति सहितको न्याय दिलाउने व्यवस्था गरिनेछ ।
२. न्यायमा स्थानीय जनताको पहुँच र सुनिश्चितता छिटो छरितो गरिनेछ ।
३. न्यायिक समितिका फैसलाहरूको कार्यान्वयन र सो को अनुगमन गरिनेछ ।

४. विपन्न तथा गरिबका लागि निःशुल्क कानुनी सेवाका लागि सहयोग र सहकार्य गरिनेछ ।

५. मानव अधिकारको संरक्षण र मानव अधिकार हननको अवस्थाको अनुगमन तथा आवश्यक कारवाही गरिनेछ ।

६. समाजमा साम्प्रदायिक सद्भाव र सामाजिक एकतालाई सुदृढ बनाइनेछ ।

७. द्वन्द्वबाट विस्थापित तथा पीडितहरुलाई विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

८. वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलामिलाप कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।न्यायिक समिति सदस्य र मेलमिलाप कर्ताहरुको क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

९. कानुनी सचेतना र कानुन सम्बन्धी अभिमुखीकरण गर्न आधारभूत र माध्यमिक विद्यालयका विद्यार्थीहरु, टोल सुधार समिति, आमा समूह, युवा क्लवका सदस्यहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. न्यायिक समिति मार्फत वालविवाह, जातीय भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा उन्मुलन, मदिरा नियन्त्रण अभियान सञ्चालन गरिनेछ ।

११. न्यायपूर्ण समाज निर्माणको लागि समाजमा घट्ने कुलत, जुवातास अन्त्यको लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका साथै युवा क्लव, आमा समूहको साझा सक्रियतामा सार्वजनिक स्थलहरुमा मदिराजन्य वस्तुको उपभोगमा नियन्त्रण गरिनेछ ।

१२. न्यायिक समितिलाई सहजीकरण गर्न एक जना कानूनी सहायकको व्यवस्था गरिनेछ ।

## ❖ भूमि नीतिः-

१. भू—उपयोगको नीतिअवलम्बन गरी जमिनको माटो परीक्षण गरी उचाइ अनुसारको सम्भावना भएको कृषि उत्पादनका लागि उर्वर भूमिको उपयोगमा जोड दिइनेछ साथै उर्वरशील समथर भू भागमा वस्ती विकासमा रोक लगाई सिंचाइको व्यवस्था गरी जमिनलाई अधिकतम उपभोगमा ल्याइन पहल गरिनेछ ।

२. बाँझो जमिनको तथ्याङ्क सङ्कलन गरी कृषि, वनसँग सम्बन्धित खेती सञ्चालन गर्नलाई प्रोत्साहन गरिनेछ ।

३. सार्वजनिक जग्गाहरुको पहिचान, लगत सङ्कलन, संरक्षण र उपयोगको नीति लिइनेछ ।

४. खाद्यबाली, नगदेवाली, फलफूल, तरकारी, जडीबुटीको क्षेत्र निर्धारण गरी उत्पादन वृद्धि गरिनेछ ।

५. जमिन बाँझो राख्न नपाइने नीति अवलम्बन गर्दै भूउपयोग कार्यक्रम लागू गरिनेछ ।

६. पुराना तथा ऐतिहासिक गाउँबस्तीहरूको सुधार, पूर्वाधार विकास तथा विस्तार गरिनेछ ।

७. जोखिमयुक्त बस्ती, घरहरूको स्थानान्तरण तथा व्यवस्थापन गरिनेछ ।

८. सङ्घ तथा प्रदेश सरकारको सहयोगमा भूमि बैङ्कको स्थापना र व्यवस्थापन गरिनेछ ।

९. सार्वजनिक जग्गा संरक्षण र विकास तथा व्यवस्थापन गरिनेछ ।

१०. नापी नक्सा डिजिटाइजेसन तथा पुनः नापीसम्बन्धी कार्यहरू गरिनेछ ।

## ❖ संस्थागत संरचना, सेवाप्रवाह, सुशासन तथा पारदर्शिता सम्बन्धी नीतिः-

**"सेवा दिन्छौं जनतालाई सधैं सम्झी हाम्रो**
**बनाउछौं मर्स्याङ्दीलाई सबै भन्दा राम्रो"**

१. प्रत्येक नागरिकलाई सूचनाको हक भएकाले गाउँपालिकाभित्र भएका विभिन्न योजना , कार्यक्रम, निर्णय, खर्च तथा अन्य सूचनाहरु गाउँपालिकाको आधिकारिक वेवसाइट तथा अन्य विद्युतीय माध्यमबाट सूचना प्रसारण गर्ने व्यवस्था गरिनेछ ।

२. गाउँपालिकाले प्रवाह गरेको सेवा तथा कार्यान्वयनमा रहेका आयोजना तथा विभिन्न विषयहरुलाई जनता सामु लैजान तथा जनताको पृष्ठपोषण लिन एक आर्थिक वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाइको कार्यक्रम राखिनेछ ।

३. राजस्व सङ्कलन प्रणालीलाई अनलाइन बनाइनेछ ।

४. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि निजहरुको तलब स्केलबाट ५ प्रतिशत रकम कट्टा गरी सो रकममा पालिकाको कोषबाट शत प्रतिशत रकम थप गरी सेवाशर्तलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

५. कर्मचारीहरुको क्षमताविकास तथा प्रोत्साहन गर्दै, गाउँपालिकाभित्र आउने सेवाग्राहीलाई छिटो छरितो, चुस्त दुरुस्त सेवा प्रदान गर्दै मुस्कान सहितको सेवाप्रवाह गरिनेछ ।

६. प्रत्येक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा सेवा प्रवाह कक्ष निर्माण गरिनेछ ।

७. कर्मचारी व्यवस्थापन र परिभाषित उत्तरदायित्वका माध्यमबाट प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

८. डिजिटल नागरिक बडापत्र र सोको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरिनेछ ।

९. भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्दै भ्रष्टाचारीलाई सामाजिक वहिस्कार गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ ।

१०. विद्युतीय सुशासनको प्रयोग गरी निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहितालाई सुदृढ बनाइनेछ।

११. छिटो छरितो सुलभ न्याय प्रणालीको विकास गरी प्रशासन सेवालाई जनमुखी र दक्ष बनाईनेछ ।

१२. आम सञ्चारलाई उद्योगको रुपमा विकास गरी पूर्ण प्रेस स्वतन्त्रता सहितको सूचना प्रणालीलाई व्यवस्थित गरी लोकतन्त्रलाई सुदृढ गरिनेछ ।

१३. राष्ट्रिय विभूति, अन्तर्राष्ट्रिय व्यक्तित्व, शहिद, शिक्षाप्रेमी तथा सामाजिक अभियन्ता, साहित्यकार, कलाकार, पत्रकार, खेलाडी, उद्यमी, आमा समूह, युवा क्लव, संघ संस्थाहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१४. लेखा प्रणाली, लेखापरीक्षण र लेखा समितिको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।

१५. गाउँपालिकामा शान्ति सुरक्षा र अमनचयनलाई भरपर्दो बनाइनेछ । सबै प्रकारको अराजकताको अन्त्य गरी कुनै पनि प्रकारको अपराधलाई न्यायको कठघरमा उभ्याई कानुनी कारवाहीको दायरामा ल्याइनेछ ।

## ❖ स्थानीय अभिलेख व्यवस्थापन, सञ्चार तथा सूचना प्रविधि सम्बन्धी नीतिः-

**"सूचना तथा सञ्चारमा सरोकार—सबै नागरिकको समान अधिकार"**

१. गाउँपालिकाबाट सम्पन्न हुने सम्पूर्ण काम कारबाही व्यवस्थित, सरल, सहज र पारदर्शी बनाउन सूचना प्रविधिको महत्वपूर्ण भूमिका रहेको तथ्यलाई आत्मसाथ गर्दै अघि बढिनेछ ।
२. गाउँपालिकाभित्र "एफ एम, रेडियो र स्थानीय मर्स्याङ्दी टेलिभिजन" स्थापना गर्ने प्रयत्न गरिनेछ।
३. एफ.एम. रेडियो, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा, मौसमको पूर्वानुमान, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना तथा पालिकाले गर्ने विकासको संप्रेषण गरिनेछ ।
४. संघ सरकारले सम्पूर्ण सरकारी सेवाहरुलाई सूचना प्रविधिमा आबद्ध गर्ने डिजिटल नेपाल फ्रेमवर्क तयार गरेको छ । यस फ्रेमवर्क अवलम्बन गरी जनतालाई E- Governance को प्रत्याभूति दिइनेछ।
५. विकास, सुशासन र समृद्धिको मूलआधार सूचना प्रविधिलाई विकास गर्दै गाउँपालिकामा अफिस अटोमेसन सिस्टमको विकास गरी डिजिटल पालिकाको रुपमा परिचित गरिनेछ ।
६. गाउँपालिकाभित्र रहेका सम्पूर्ण शिक्षण तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री तालिम सञ्चालन र व्यवस्थापन गरिनेछ ।
७. गाउँपालिकाका सम्पूर्ण खातापाता, ढड्डामा रहेका सम्पूर्ण विवरणलाई डिजिटाइजेशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
८. गाउँपालिकाका प्रमुख बस्ती तथा पर्यटकीय गन्तव्यहरुलाई फ्रि वाइफाइ जोन बनाउन आवश्यक पहल कदमी गरिनेछ ।
९. गाउँपालिकामा फोन र इमेल मार्फत गुनासो राख्न सक्ने तथा प्राप्त गुनासो फछ्र्यौट गर्ने प्रणालीको व्यवस्था गरिनेछ ।
१०. मर्स्याङ्दी गाउँपालिकाको डिजिटल प्रोफाइललाई अद्यावधिक गरिनेछ ।
११. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।
१२. सार्वजनिक एवम् सरकारी सम्पत्तीको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन गरिनेछ ।

## ❖ गैर सरकारी संघ/संस्था तथा सहकारी क्षेत्र सम्बन्धी नीतिः—

१. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीति नियम र कानुनको अधीनमा रही गाउँपालिकाको विकास र कार्यक्रम सञ्चालनका लागि समन्वय र सहकार्यको नीति अवलम्बन गरिनेछ ।
२. सहकारीलाई उत्पादन, प्रशोधन र वितरणसम्म प्रभावकारी बनाई रोजगारीको आधार स्तम्भ विस्तार गरिनेछ ।
३. सहकारीलाई सेवामुखी र नाफामुखी बनाई सहकारी सिद्धान्त अनुसार सञ्चालन गरिनेछ ।
४. बैङ्किङ र सहकारी क्षेत्रलाई लक्षित वर्गको पहुँचलाई सुनिश्चित गरी चक्रीय कोष निर्माण गरी कृषि, पशुपालन र अन्य आयमुलक कार्यक्रमहरुमा उनीहरुलाई सक्रिय सहभागिता गराइनेछ ।

५. सबै वर्गका जनसमुदायलाई वित्तीय पहुँचको सुनिश्चितताको लागि एक घर एक खाताको नीति लागू गर्न बैङ्क तथा सहकारीलाई परिचालित गरिनेछ ।

६. गाउँपालिका स्तरीय सहकारी सञ्जाल गठन गरिनेछ ।

७. गाउँपालिका भित्र सञ्चालित वा सञ्चालनमा रहेका गैससलाई गाउँपालिकासँग समन्वय र सहकार्य गरी सञ्चालन गर्न लगाइनेछ ।

८. गैससको लगानीलाई सरकारी लगानीको परिपूरकको रुपमा स्थापित गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

९. गाउँपालिका स्तरीय गैसस परिचालन तथा अनुगमन समिति गठन गरिनेछ ।

१०. कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, विद्युत्, बायोग्याँस, फोहोरमैला सङ्कलन तथा प्रशोधन, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्नेजस्ता कार्यहरुलाई सहकारीको माध्यमबाट प्रवर्द्धन गरिनेछ।

## ❖ स्थानीय स्रोत—साधन तथा राजस्व परिचालनः

**राजस्व वृद्धिको आधार, करको दायरामा विस्तार**
**स्थानीय स्रोतको सदुपयोग गर्ने हाम्रो बानी व्यवहार"**

१. स्थानीय अधिकारका खानी तथा खनिज पदार्थको उत्खनन, संरक्षण एवम् परिचालन सम्बन्धी नीति तथा कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. स्थानीय तहलाई प्राप्त अधिकार अनुरूप स्थानीय कर, सेवा शुल्क तथा दस्तुर परिचालन एवं राजस्व छलीमा नियन्त्रण गरिनेछ ।

३. सूचना प्रविधिमा आधारित करदाताको विवरण तथा राजस्व सङ्कलन व्यवस्था, राजस्व परिचालनको दीर्घकालिन योजना तर्जुमा, कार्यान्वयन र मुल्यांकन गरी अगाडि बढिनेछ ।

४. सङ्घीय एवं प्रादेशिक कानुनबमोजिम प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी सङ्कलनको विधि, समन्वय, सहजीकरणका प्रयासहरु गरिनेछ ।

५. कर प्रणालीलाई नागरिकको कर्तव्य वनाइने छ ।

## ❖ नीति, कानून तथा योजना तर्जुमा एवम् कार्यान्वयनः

१. मर्स्याङ्दी गाउँपालिकाको विकास रणनीति अन्तर्गत दूरदृष्टि, ध्येय र लक्ष्य निर्धारण गरिनेछ ।

२. आवश्यकता अनुसार थप ऐन, कानुन, नियमावली, कार्यविधि, निर्देशिका निर्माण तथा संशोधन गरिनेछ ।

३. २० वर्षे दिर्घकालीन गुरु योजना, ५ वर्षे आवधिक योजना र वार्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

४. मर्स्याङ्दी गाउँपालिकालाई नमुना गाउँपालिका बनाउन आवश्यक मापदण्डहरू तयार गरिनेछ ।

## ❖ सङ्घ प्रदेश र स्थानीय तहहरु बीच सहकार्यः

**"सङ्घ, प्रदेश र स्थानीय तहहरुसँगको सहकार्य**
**नमुना गाउँपालिका निर्माणको लागि अपरिहार्य"**

१. सङ्घ, प्रदेश र अन्य स्थानीय तहहरु बीच समन्वय, सहकार्य र सहअस्तित्वको नीति अवलम्बन गरिनेछ।

२. छिमेकी स्थानीय तह लगायत देश विदेशको अन्य स्थानीय तहसँग आपसी सहकार्य, अध्ययन तथा सिकाइ भ्रमण गरी आफ्नो गाउँपालिकालाई नमुना गाउँपालिका बनाउन भरपर्दो आधार निर्माण गरिनेछ।

३. विभिन्न स्वदेश तथा विदेशमा रहेका स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गरी आपसी सहयोग आदानप्रदान गरिनेछ ।

अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुर्‍याउनुहुने जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, समाजसेवी, बुद्धिजीवी, शिक्षक र जन समुदायहरुप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

मितिः २०७९/०३/१०

**अर्जुन गुरुङ**
**अध्यक्ष**
**मर्स्याङ्दी गाउँपालिका, लमजुङ**

# मर्स्याङ्दी गाउँपालिका
# बजेट वक्तव्य २०७९-८०

**गाउँसभाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू र गाउँसभा सदस्य ज्यूहरु,**

१) स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१ बमोजिम मर्स्याङ्दी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटलाई उत्पादन, उत्पादकत्व र उच्च आर्थिक वृद्धि, सामाजिक न्याय र मर्स्याङ्दी गाउँबासीको समृद्धिको संवाहकको रुपमा प्रस्तुत गरेको छु ।

२) सर्वप्रथम लोकतान्त्रिक आन्दोलन, सशस्त्र जनयुद्ध, परिवर्तन, क्रान्ति, सामाजिक तथा मुक्ति आन्दोलनमा शहादत प्राप्त गर्ने सबै अमर शहिदहरुलाई स्मरण गर्दै, यहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। अग्रगामी परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने अग्रज नेताहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

३) समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्पलाई पुरा गर्न निरपेक्ष गरिबीको मारमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदाय सहितका आम नागरिकको विकासको चाहनालाई संबोधन गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकतामा राखेको छु ।

४) आर्थिक वर्ष २०७९/८०को मर्स्याङ्दी गाउँपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधान, सङ्घीय सरकारको ऐन, नियम, कानून र कार्यविधि, पन्ध्रौं पञ्चवर्षीय योजना, दीगो विकासका लक्ष्यहरु, मध्यकालीन खर्च संरचना, गण्डकी प्रदेश सरकारको ऐन, नियम, कानून र प्रथम पञ्चवर्षीय योजना, गाउँपालिकाको ऐन,नियम ,नीति तथा कार्यक्रम सभाका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई आधार मानेको छु । यस गाउँपालिकाको बजेट तर्जुमा गर्दा सङ्घीय सरकार, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेटलाई आधार लिएको छु । यो बजेट तर्जुमा गर्दा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत समावेश गरेको छु।

**अध्यक्ष महोदय,**

अब म बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५) आ.व. २०७९/८०को बजेटका उद्देश्यहरु निम्न छन् :

- सामाजिक र आर्थिक रुपान्तरण गरी समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माण गर्ने,
- सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व पालना गर्ने गराउने,
- बाढी पहिरोबाट उत्पन्न प्राकृतिक विपत्तीबाट मानव जीवनमा आइपरेका समस्याहरुको समाधान गर्ने,
- कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने,
- उपलब्ध प्राकृतिक स्रोत-साधन, श्रमशक्ति, पूँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सृजना र गरिबी निवारण गर्ने,
- चुस्त, दुरुस्त, सर्वसुलभ र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने,
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, आर्थिक र सामाजिक क्षेत्रको विकास गर्ने,

➢ आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्ने ।

६) आ.व. २०७९/८० को बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :

- ➢ कृषि तथा पुशपंछी क्षेत्रको व्यवसायिकरण, आधुनिकिरण, सामुहिकिकरण र बजारीकरण,
- ➢ नीजि क्षेत्र समेतको सहभागितामा पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन तथा पर्यटकीय पूर्वाधार विकास,
- ➢ वन जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोतसाधनको दीगो व्यवस्थापन र सदुपयोग,
- ➢ स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र प्रवर्द्धन मार्फत रोजगारी र स्वरोजगारको अवसर सृजना र गरिबी निवारण,
- ➢ दीगो गुणस्तरीय प्रतिफलदायी भौतिक पूर्वाधार निर्माण,
- ➢ गुणस्तरीय शिक्षा र स्वास्थ्य, खेलकुद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास,
- ➢ आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक रुपमा पछि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्याय, समावेशी एवम् समानुपातिक विकास,
- ➢ गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच, भष्ट्राचार निवारण र सुशासन अभिवृद्धि ।

**अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०७९/८० सम्मको मर्स्याङ्दी गाउँपालिकाको तर्फबाट सम्पादित महत्त्वपूर्ण कामहरुको सङक्षिप्त विवरण र आगामी वर्षको प्रक्षेपण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मर्स्याङ्दी गाउँपालिकाको विगत ५ वर्षको वित्तीय प्रगतिको समिक्षा गर्दा आ.व. २०७४/०७५ मा ८५.९ प्रतिशत, आ.व.२०७५/०७६ मा ८६.९० प्रतिशत,आ.व. २०७६/७७ मा ८३.९५ प्रतिशत, आ.व.२०७७/०७८ मा ८४.७१ प्रतिशत, आ.व. २०७८/७९को असार ९ गते सम्मको चालु तर्फ ८४.४९ प्रतिशत र पुँजीगत तर्फ ७२.०२ प्रतिशत गरी जम्मा ८०.५६ प्रतिशत भएको छ र असार मसान्त सम्म हुने ८६ प्रतिशत अनुमान र आगामी आर्थिक वर्ष २०७९/८० मा ९० प्रतिशत वित्तीय प्रगति हुने लक्ष्य लिएको छु।

चालु आ.व.को योजना विवरणमा जम्मा ३८९ वटा योजनाहरु रहेकोमा २७२ योजनाहरुको सम्झौता भई २६२ वटा योजनाहरुको कार्यसम्पन्न पश्चात भुक्तानी भइसकेको छ भने खरिदका योजना ११२ वटा रहेका छन् तथा सम्झौता नभएका योजना संख्या ५ रहेका छन्।

**अध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को आय व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु । मर्स्याङ्दी गाँउपालिकाले प्रस्तावित नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेश तथा स्थानीय सरकारका विद्यमान ऐन, कानूनहरु, आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तीकरण तथा

समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिका मिति २०७९/०३/०९ गते स्वीकृत गरी यस गरीमामय गाउँसभामा आगामी आ.व. २०७९/८० को बजेट प्रस्तुत गरेको छु । आ.व.२०७९/८० मा यस गाउँपालिकामा नेपाल सरकारको वित्तीय समानीकरण अनुदान रु ९ करोड ५५ लाख ।- प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रु १ करोड ४ लाख ४३ हजार ), नेपाल सरकारको राजश्व बाँडफाँडबाट १० करोड १९ लाख ८३ हजार । प्रदेश सरकारको राजश्व बाँडफाँडबाट ७८ लाख ९७ हजार, आन्तरिक राजस्व तर्फ १ करोड, सशर्त अनुदान सङ्घीय सरकारतर्फ रु २३ करोड ८७ लाख, सङ्घ सरकाको विशेष अनुदान तर्फ १ करोड ५० लाख , सङ्घ सरकारको समपूरक अनुदान तर्फ २ करोड ४० लाख, प्रदेश सरकार विशेष अनुदान वापत रु ६० लाख र समपूरक अनुदान ५० लाख , जलविद्युत रोयल्टी वापत रु २ करोड ३० लाख ८१ हजार ३ साय ५८, पर्वतारोहण वापत प्राप्त रोयल्टी रु २ लाख २८ हजार ७ सय ९०, वन पैदावर रोयल्टी रु ७७ हजार २ सय ३, गरीबसँग विशेश्वर कार्यक्रम तर्फ रु ४ लाख ६५ हजार, प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम रु. ३ लाख ८० हजार ९ सय ४२, जिल्ला समन्वय समितिबाट साझेदारीमा वडा कार्यालय भवन निर्माण वापत रु. ९ लाख र अघिल्लो वर्षको नगद मौज्दात रु १ करोड २ लाख ८९ हजार ६ सय ४९ गरी कुल आय ५४ करोड ९९ लाख ४५ हजार ९ सय ४२ को अनुमानित आय यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म आ.व. २०७९/८०को व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

चालु खर्च तर्फबाट ७ करोड ३९ लाख । पूँजीगत खर्चतर्फ २० करोड ७५ लाख । सशर्ततर्फ २३ करोड ८७ लाख । गरीबसँग विश्वेश्वर कार्यक्रम तर्फ रु ४ लाख ६५ हजार । प्रदेश र स्थानीय तह क्षमता विकास कार्यक्रम तर्फ रु ३ लाख ८० हजार ९ सय ४२, समपूरक कोष तर्फ रु २ करोड ९० लाख गरी जम्मा कुल खर्च ५४ करोड ९९ लाख ४५ हजार ९ सय ४२ को अनुमानित खर्च यस गरीममय सभा समक्ष पेश गर्दछु ।

जस मध्ये नीति तथा कार्यक्रमको आधारमा निम्न कार्यक्रमहरुलाई प्राथमिकतामा राखी बजेटमा विनियोजन गरेको छु । वडागत रुपमा गाउँ-बस्तीको योजनाहरुलाई सम्बोधन गर्ने गरी वडा समितिले छनौट गर्न पाउने गरी योजना कार्यान्वयन गराउन वडागत रुपमा जनसङ्ख्या, भौगोलिक क्षेत्रफल, विकटतालाई आधार मानी ९ वटा वडाहरुलाई रु. ६ करोड बजेट व्यवस्था मिलाएको छु । वडागत योजनाहरुको विवरण अनुसूचीमा उल्लेख गरीएको छ ।

७) कृषि, पशुपन्छी तथा जडीबुटी क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्षेत्रको विविधीकरण र व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण विकासमा जोड दिई कृषि तथा पशुपन्छी विकास शाखा मार्फत कार्यान्वयन गर्ने गरी रु.१ करोड ७५ लाख बजेट विनियोजन गरेको छु ।

८) अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने पर्यटन व्यवसाय राम्रो भएको यस पालिकाभित्र पर्यटन प्रर्वद्धन कार्यक्रमको लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

९) सीप विकास तथा क्षमता विकास तालिमका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

१०) शिक्षाको विकासको लागि शिक्षा तर्फ रु. १ करोड ५० लाख बजेट विनियोजित गरेको छु ।

११) विपन्न, दलित, आदिवासी जनजाती बालबालिकाहरुकालाई प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न रु. ५ लाख बजेट विनियोजित गरेको छु ।

१२) स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न स्वास्थ्य क्षेत्रमा रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

१३) समाजमा योगदान गर्दै उमेरका कारण भौतिक रुपमा कमजोर भएका जेष्ठ नागरिकहरुको सम्मान तथा ६० देखि ६७ वर्ष सम्मका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गर्नका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

१४) वर्षातको समयमा पानीका कारण सडकहरु बिग्रिन गई मोटरबाटो बन्द हुन नदिन र स्थानीय युवाहरुलाई रोजगारी दिने उद्देश्यले सडक मर्मत सम्भार कार्यकर्ता परिचालन गर्नका लागि रु. १३ लाख बजेट विनियोजन गरेको छु ।

१५) शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुका लागि आय-आर्जन गरी जीविकोपार्जन गराउने तथा ग वर्गका अपाङ्गगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन रु १० लाख बजेट बजेट विनियोजन गरेको छु ।

१६) सफा मर्स्याङ्दी गाउँपालिका अभियानलाई निरन्तरता दिँदै फोहोरमैला व्यवस्थापन तथा पूर्वाधार निर्माणका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

१७) परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्द्धनमा जोड दिई विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव तथा दिवसका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

१८) विभिन्न प्राकृतिक प्रकोप, आगलागी तथा मानवीय विपत्ती र महामारी जस्ता विपद् व्यवस्थापनका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

१९) खेलकुदको विकास गराउने उद्देश्यले वडा स्तरीय र विद्यालय स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि रु. १२ लाख बजेटको व्यवस्था गरेको छु ।

२०) स्वास्थ्य चौकीहरुको सेवाबाट टाढा रहेका बस्तीहरुमा सञ्चालित सामुदायिक स्वास्थ्य इकाईहरुमा कार्यरत स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरुको तलब भत्ता वापत अनुदान स्वरुप रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

२१) चोरी शिकार नियन्त्रण र वन पैदावर संरक्षण, प्रवर्द्धन र व्यवसायीकरण गर्नका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

२२) मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ६ र ५ को सडक पूर्वाधारको स्तरोन्नति गर्न प्रदेश सरकारसँग समपूरक कोषको रु. ५० लाख र गाउँपालिका समपूरक कोषबाट रु. ५० लाख गरी बाहुनडाँडा-घेर्मु सडकको स्तरोन्नति र विस्तारका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

२३) सङ्घ तथा प्रदेश सरकारको साझेदारीमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्यलाई अगाडी बढाउन रु १ करोड विनियोजन गरेको छु ।

२४) मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १ र २ को सडक पूर्वाधारको स्तरोन्नति गर्न सङ्घ सरकारसँग समपूरक कोषको रु. १ करोड र गाउँपालिका समपूरक कोषबाट रु. १ करोड खुदी-रोप्लेफाँट-घनपोखरा सडकको स्तरोन्नति र विस्तारका लागि रु. २ करोड बजेट विनियोजन गरेको छु।

२५) मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ९ को सडक पूर्वाधारको स्तरोन्नति गर्न सङ्घ सरकारसँग समपूरक कोषको रु. १ करोड ४० लाख र गाउँपालिका समपूरक कोषबाट रु. १ करोड ४० गरी खुदी-पाम्चोक-भलामचौर-घलेगाउँ सडकको स्तरोन्नति र विस्तारका लागि रु. २ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

२६) शहिद तथा बेपत्ता स्मृति अध्ययन केन्द्रद्धारा स्थापना गरीएको शहिद तथा बेपत्ता स्मृति अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, खुदीका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

२७) अधुरा वडा कार्यालय भवनहरुको निर्माण कार्य सम्पन्न गर्न रु १ करोड बजेट विनियोजन गरेको छु।

२८) बेसीशहर नगरपालिका वडा नं. ७ मा निर्माणाधीन अवस्थामा रहेको मानव सेवा आश्रमको भवन निर्माणमा सहयोग स्वरुप रु. १० लाख बजेट विनियोजन गरेको छु ।

२९) परम्परागत कृषि औजार निर्माण गर्ने आरनहरुलाई आधुनिक र गुणस्तरीय कृषि औजारहरु निर्माण गर्न आरन सुधार कार्यक्रमको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३०) सशक्तिकरण कार्यक्रममा रु ५ लाख, असक्त , असहाय विपन्न कोषमा रु १४ लाख, स्वास्थ्य शिविर सञ्चालन गर्न रु ४ लाख, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण गर्न रु ३ लाख बजेट विनियोजन गरेको छु।

३१) यस गाउँपालिकाका युवा उद्यमीहरुले बैङ्कबाट लिएको कर्जाको व्याजमा अनुदान प्रदान गर्न रु ६ लाख, सडक पुगेका बस्तीहरुमा सडक सफा गर्नको लागि रु १५ लाख र कार्यालयसँग सम्बन्धित अन्य सार्वजनिक निर्माण गर्नको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३२) केहि थप मुख्य सडकहरुको रुपमा नायु-सेने-फ्रेजौं सडकका लागि रु २० लाख, खुदी-हसिँङ डाँडा- सिउरुङ सडकका लागि रु ४० लाख, खुदी-पुरानोगाउँ-जिम्दो सडकका लागि रु १० लाख, रामबजार-छापा-सिलढुङ्गा-उपल्लो ताघ्रिङ सडकको लागि रु २५ लाख, च्याम्चे-नास्कुच्चे-पुरानो जगत सडकका लागि रु १० लाख, स्याँगे-मिर्पा सडकका लागि रु ५ लाख, बाहुनडाँडा- थालाजु- सञ्जापु सडक (वडा नं ५ र ६) को लागि रु २० लाख, ङादी-थाकनबेसी सडकका लागि रु ५ लाख, ङादी-उस्ता-बराहपोखरी सडकका लागि रु ३० लाख र भुलभुले-सिमलचौर-भस्मे-रिङटाङ सडकका लागि रु २५ लाख बजेट विनियोजन गरेको छु।

३३) ग्रामीण तालिम केन्द्रको जग्गा खरिद गर्नका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

**आय/व्यय र कार्यक्रमको योजनाको शीर्षक तथा बजेट अनुसूचीहरुमा प्रस्तुत गरेको छु ।**

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडासदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, निजी क्षेत्र, पत्रकार, सम्पूर्ण पालिकाबासीहरुबाट प्राप्त सुझाव, सल्लाह र सहयोगप्रति हार्दिक अभार व्यक्त गर्दछु ।

**"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार, कला संस्कृतिको संरक्षण कृषि, पर्यटन, उर्जा र पूर्वाधार"** को नारालाई साकार पार्नका निम्ति मर्स्याङ्दी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भभाव र सहयोग पुऱ्याउनुहुने मर्स्याङ्दी गाउँपालिकाको जनसमूदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

**मितिः** २०७९ असार १० गते, शुक्रबार

जुना माया थापा
उपाध्यक्ष
मर्स्याङ्दी गाउँपालिका, लमजुङ ।

# मर्स्याङ्दी गाउँपालिकाको आर्थिक ऐन २०७९

**प्रस्तावनाः**

मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मर्स्याङ्दी गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मर्स्याङ्दी गाउँपालिका आर्थिक ऐन २०७९" रहेको छ। (२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि मर्स्याङ्दी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. भूमि कर ⁄ मालपोत मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । यस अनुसूची बाट जम्मा **रु १२ लाख रुपैंया** मात्र राजश्व संकलन गर्न सकिने अनुमान गरिएको छ ।

३. घरवहाल करः मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ । यस अनुसूची बाट **जम्मा रु २ लाख ५० हजार रुपैया** मात्र राजश्व संकलन गर्न सकिने अनुमान गरिएको छ ।

४. व्यवसाय दर्ता तथा नविकरण मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।यस अनुसूचिबाट जम्मा **रु ५ लाख रुपैंया** मात्र राजश्व संकलन गर्न सकिने अनुमान गरिएको छ ।

५. कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने करः
मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।यस अनुसूची बाट जम्मा **रु ३ लाख रुपैंया मात्र** राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

६. बहाल बिटौरी कर :मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (५) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।यस अनुसूचीबाट जम्मा **रु २ लाख रुपैंया** मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

७. पर्यटन शुल्क (क्यानोइङ्ग र न्याफ्टीङ्ग शुल्क, शहासिक खेलकुदः) मर्स्याङ्दी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र क्यानोइङ्गर र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (६) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।यस अनुसूचीबाट जम्मा **रु ५० हजार रुपैंया** संकलन गर्ने अनुमान गरिएको छ ।

८. सेवा शुल्क, दस्तुरःमर्स्याङ्दी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।यस अनुसूचीबाट जम्मा **रु २० लाख रुपैंया** मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ

९. नदीजन्य पदार्थको(ढुङ्गा, गिट्टि, बालुवा आदी) बिक्री सम्बन्धीः मर्स्याङ्दी गाउँपालिकामा भएका कानून बमोजिम उत्खन्न गर्न मिल्ले नदिजन्य पदार्थको उत्खन्न ठेक्का मार्फत गरी अनुसूची ८ बमोजिमको रकम संकलन गरिनेछ । यस बाट जम्मा **रु ३५ लाख रुपैंया** मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

१०. अन्य आम्दानीः गाउँपालिकाले ट्याक्टर, व्याक्हो लोडर लगायतका मेसिनरी सामानहरुको निश्चित दररेट तोकी भाडामा लागाउन सक्ने छ र सो बापत अनुसूची ९ मा उल्लेख भए बमोजिम **रु १५ लाख रुपैंया** मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ

११. परीक्षा शुल्कः यस गाउँपालिका भित्र भएका रिक्त पदको पदपूर्तीको लागि गरिने परीक्षा र सोको लागि लिइने शुल्क सङ्घिय कानून बमोजिम निर्धारण गरिनेछ । यस अन्तर्गत जम्मा **रु ५ हजार रुपैंया** मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ

१२. प्रशासनीक दण्ड, जरिवाना र जफतः यस अन्तर्गत विलम्ब शुल्क, धरौटी जफत जस्ता जरिवानाहरु पर्छन जसबाट **रु ९५ हजार रुपैंया** मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

१३. अन्य राजश्वः मर्स्याङ्दी गाउँपालिको अधिकार क्षेत्र भित्र दर्ता हुने तथा नविकारण हुने सङ्घ संस्था तथा व्यवसायहरुको दर्ता तथा नविकारण गरे बापतको राजश्व संकलन व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि अनुरुप गरिनेछ । यस बाट जम्मा **रु २ लाख रुपैंया** मात्र संकलन गर्ने अनुमान गरिएको छ । साथै फोहोरमैला कर बापत **रु २ लाख रुपैंया** मात्र संकलन गर्ने अनुमान गरिएको छ ।

१४. कर छुटःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि मर्स्याङ्दी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१
## भूमीकर (मालपोत)

| क.स. | खेत तर्फ प्रति रोपनी | पाखो तर्फ प्रति रोपनी | जरीवाना दस्तुर | बाझो जग्गा बापत जरिवाना |
|---|---|---|---|---|
| १. | रु २०।०० | रु १०।०० | कर मुल्यको आधा लाग्ने । | खेत तर्फ प्रति रोपनी रु ६०।- र पाखो तर्फ प्रति रोपनी रु ३०।- |

## अनुसूची-२
## घर बहाल कर

| | | |
|---|---|---|
| १. | संघ संस्था, सरकारी कार्यालय, गोदाम, निजी प्रयोजनको लागि भाडामा दिने | १० प्रतिशतका दरले |

## अनुसूची-३
## व्यवसाय दर्ता तथा नविकरण

**क) व्यवसायीक प्रयोजनको लागि सन्चालित पसलहरु**

| क.स. | विवरण/प्रकार/वर्गिकरण | रकम रु | कै. |
|---|---|---|---|
| १ | भ्याटमा दर्ता भएका व्यवसायहरु | २०००।०० | भ्याटमा दर्ता हुनु पर्ने व्यवसायहरु तर नभएका समेत |

| क.स. | विवरण/प्रकार/वर्गिकरण | रकम रु | कै. |
|---|---|---|---|
| २ | प्यानमा दर्ता भएका व्यवसायहरु | १०००।०० | |
| ३ | पसल | ५००।०० | प्यानमा दर्ता नभएका व्यवसायहरु मात्र |
| ४ | पोका वा झोलामा सामान राखी मोटर साइकल, प्रति दिन | ५०।०० | |
| ५ | मानिस आफैंले बेच्ने प्रति दिन | १०।०० | |

**ख) व्यवसायीक प्रयोजनको लागि सञ्चालित होमस्टे**

| क.सं. | व्यवसायको विवरण | श्रेणी | श्रेणी | श्रेणी |
|---|---|---|---|---|
| | स्तर | क | ख | ग |
| १ | होमस्टे प्रति घर | १५००।०० (वार्षिक १०० जनासम्म पर्यटक आउने ।) | १०००।० (वार्षिक ५० जनासम्म पर्यटक आउने ।) | |

**ग) केबूल, नेटवर्किङ केवल**

| | | |
|---|---|---|
| १ | केबूल, नेटवर्किङ केवल | ५,०००।०० |

**घ) वित्तीय सेवा (व्यवसाय कर)**

| क.स. | वगिकरण | क वर्ग | ख वर्ग | ग र घ वर्ग |
|---|---|---|---|---|
| १ | बैंक, | १५,०००।०० | १५,०००।०० | १०,०००।०० |
| २ | सहकारी संस्था | १०,०००।०० | ८,०००।०० | ५,०००।०० |

**ङ) शिक्षा सेवा तथा निर्माण व्यवसायी (व्यवसाय कर)**

| | | | | |
|---|---|---|---|---|
| १) | नि.जि क्षेत्रका बोर्डिङ स्कूल क्याम्पस मा.वि,आ.वि. र प्रा.वि. | ७,०००।०० | ५,०००।०० | ३,०००।०० |
| २) | निर्माण व्यवसायी गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा घ | रु १०,०००।०० | | |

**च) कवाडी सामानको थोक बिक्रेता**

| | | | |
|---|---|---|---|
| कवाडी सामानको थोक बिक्रेता | प्रति ट्रयाक्टर रु २,५०० | प्रति टिपर रु ५,००० | प्रति ट्रक रु ७,५०० |

## अनुसूची-४
## कृषि तथा पशूजन्य वस्तूको व्यवसायिकक करोवारमा

| | | |
|---|---|---|
| १ | यार्सागुम्बा कांचो प्रति किलो रु<br>यार्सागुम्बा सुकेको प्रति किलो रु | १०००।००<br>४,०००।०० |
| २ | सतुवा प्रति किलो रु | २५०।०० |
| ३ | वनलसुन प्रति किलो रु | ५००।०० |
| ४ | तेजपत्ता प्रति किलो रु | ५।०० |
| ५ | दालचिनि प्रति किलो | ५।०० |

| | | |
|---|---|---|
| ६ | मह प्रति लिटर | ५०।०० |
| ७ | अलैची प्रति किलो | ५।०० |
| ८ | अन्य | ५०।०० |

## अनुसूची-५
## बहाल बिटौरी शुल्क

| | | |
|---|---|---|
| १. | सरकारी तथा सार्वजनिक जमिन उपयोग गरे वापत (वसोवास प्रयोजन) | प्रति आना वार्षिक रु १००।०० |
| २. | सरकारी तथा सार्वजनिक जमिन उपयोग गरे वापत (व्यापारिक प्रयोजन) | प्रति आना वार्षिक रु ३००।०० |
| ३. | सार्वजनिक जमिन व्यवसायिक कृषि उत्पादनको लागि प्रयोग | प्रतिरोपनी ५००।०० |

## अनुसूची-६
## पर्यटन शुल्क (क्यानोइङ्ग शुल्क, र्‍याफ्टीङ् शुल्क, सहासिक खेलकुद)

| | | |
|---|---|---|
| १. | नदीमा र्‍फटिङगर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक | २०।०० |
| २. | रक कलाईमिङ (स्थानीय, नेपाली,विदेशी) प्रति दिन | १००,२००,५०० |
| ३. | क्यानोइङ् (विदेशी पर्यटक प्रति व्यक्ति प्रति दिन)<br>क्यानोइङ् (स्वदेशी पर्यटक प्रति व्यक्ति प्रति दिन) | २००।००<br>१००।०० |

## अनूसुची-७
## सेवा शुल्क/दस्तुर

| सि. नं. | विवरण | नया कर/शूल्क/दस्तुर (रु) |
|---|---|---|
| **क)** | **पञ्जीकरण सम्बन्धी तथा अन्य सिफरिस** | |
| १ | नाता प्रमाणित (नेपालीमा) | ३००।०० |
| २ | नाता प्रमाणित (अंग्रेजीमा) | ५००।०० |
| ३ | जन्म, विवाह, मृत्यु, वसाईसराई र सम्बन्ध विच्छेद विलम्ब दस्तुर | २००।०० |
| ४ | राहदानी सिफारिस | ३००।०० |
| ५ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | २००।०० |
| ६ | वंशजको नागरिकता सम्बन्धी प्रतिलिपी सिफारिस | २००।०० |
| ७ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | २,०००।०० |
| ८ | नाम छुटको सिफारिस | २००।०० |
| ९ | सनाखतको सिफारिस | २००।०० |
| १० | जन्म,मृत्यु सम्बन्धी सिफारिस | २००।०० |
| ११ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | १,०००।०० |

| सि. नं. | विवरण | नया कर/शूल्क/दस्तुर (रु) |
|---|---|---|
| १२ | अस्थायी/स्थायी बसोबास सम्बन्धी सिफारिस | २००।०० |
| १३ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३००।०० |
| १४ | जन्ममिति प्रमाणित शुल्क | २५०।०० |
| १५ | व्यक्तिगत विवरण प्रमाणित गर्ने शुल्क | २००।०० |
| १६ | प्रतिलिपी व्यक्तिगत घटना दर्ता | ३००।०० |
| १७ | चारित्रिक सिफारिस, नाबालक/बालिका परिचयपत्र सिफारिस | ५००।०० |
| १८ | अविवाहित प्रमाणित | ५००।०० |
| १९ | पारीवारिक विवरण सम्बन्धि सिफारिस | ३००।०० |
| २० | जिवित सिफारिस | २००।०० |
| २१ | मृतक सँगको नाता प्रमाणित | ३००।०० |
| २२ | संरक्षक सिफरीस (व्यक्तिगत) | २००।०० |
| २३ | संरक्षक सिफरीस (संस्थागत) | ५००।०० |
| २४ | हकवाला हकदार प्रमाणित<br>विदेशी प्रयोजनका लागि | २००।०० ५००।०० |
| २५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस(नेपाली पेन्सनर, भारतीय पेन्सनर, ब्रिटिस वा अन्य देशका पेन्सनर) | क्रमशः रु २००।००, रु ३००।०० र रु ५००।०० |
| २६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | ५००।०० |
| २७ | पालनपोषणको लागि सिफारिस | २००।०० |
| २८ | अंग्रेजी रुपान्तरण | ५००।०० |
| २९ | सर्जमिन शुल्क | ५००।०० |
| ३० | फोहोरमैला संकलन दस्तूर (व्यक्ति, होटल/ठूला पसल, संस्थाहरु (मासिक ) | क्रमशः रु २०, ५०, रु १०० । |
| **ख) घर जग्गा सम्बन्धी सिफरिस** | | |
| १ | कच्ची घर कायम | ३००।०० |
| २ | पक्की घर कायम | ५००।०० |
| ३ | घरजग्गा नामसारी | ५००।०० |
| ४ | घरपातल प्रमाणित शुल्क | २००।०० |
| ५ | जग्गा दर्ता सिफारीस | १५०।०० |
| ६ | जग्गा रेखांकनको कार्य/सो कार्यमा रोहबर | २००।०० |
| ७ | जग्गा धनीपुर्जा हराएको सिफारीस | २००।०० |
| ८ | पुर्जामा घर कायम गर्ने सिफारीस | २००।०० |
| ९ | मोही लगत कट्टा सिफारीस | २००।०० |
| १० | घर कोठा खोल्ने कार्य/रोहबरमा बस्ने कार्य | २००।०० |

| सि. नं. | विवरण | नया कर/शूल्क/दस्तुर (रु) |
|---|---|---|
| ११ | कित्ताकाट गर्न सम्बन्धि सिफारिस | २००।०० |
| १२ | जग्गाको हक सम्बन्धि सिफारिस | ५००।०० |
| १३ | जग्गा मूल्याङ्कन सिफारीस/प्रमाणित | ३००।०० |
| १४ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | १५०।०० |
| **ग) काठ दाउरा सम्बन्धी सिफारिस** | | |
| १ | निकासी प्रति ट्रयाक्टर रु | १,०००।०० |
| २ | निकासी प्रति ट्रक रु | २,५००।०० |
| **घ) संस्था, उद्योग तथा व्यवसाय सम्बन्धी सिफरिस** | | |
| १ | उद्योग स्थापना सिफारिस | ५००।०० |
| २ | उद्योगठाउसारी गर्न सिफारिस | ५००।०० |
| ३ | नया व्यवसाय दर्ता (रु १० लाख सम्म, रु २० लाख सम्म र सो भन्दा माथि) | क्रमश: रु २००।००, रु ३००।०० र रु ५००।०० |
| ४ | व्यवसाय नविकरण | २०० |
| ५ | व्यवसाय दर्ता सिफारीस | २०० |
| ६ | व्यवसाय बन्द सिफारीस | २०० |
| ७ | व्यवसाय सञ्चालन नभएको सिफरीस | २०० |
| ८ | व्यापार व्यवसाय नभएको सिफारीस | २०० |
| ९ | संस्था दर्ता सिफारीस पालिका भित्र | २०० |
| १० | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५००।०० |
| **ङ) शिक्षा तथा विद्यालय सम्बन्धी सिफरिस** | | |
| १ | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क |
| २ | निजी विद्यालय दर्ता र स्तर बृद्धि (प्रावि/निमावी/ मावी वा सो भन्दा माथि) | ७,०००।००, १०,०००।००, १५,०००।०० |
| ३ | विद्यालय ठाउँसारी सिफारिस | १,०००।०० |
| ४ | शिक्षक नियूक्ती अभिलेखीकरण (प्रावि/निमावी/मावी वा सो भन्दा माथि) | ५००।००, ७००।००, १०००।०० |
| ५ | मार्कसिट संशेधन | रु २००।०० |
| **च) स्वास्थ्य सम्बन्धी सिफरिस** | | |
| १ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस शुल्क | नि:शुल्क |
| **छ) विद्युत तथा टेलिफोन जडान सम्बन्धी सिफारिस** | | |
| १ | विद्युत, खानेपानी सम्बन्धी नामसारी सिफारिस | ३००।०० |
| क) | आर.सी.सी. पक्की घर | ५००।०० |

| सि. नं. | विवरण | नया कर/शूल्क/दस्तुर (रु) |
|---|---|---|
| ग) | सरकारी कार्यालय/संघ संस्था | निशुल्क |
| ख) | अन्य घर | ३००।०० |
| **ज) धितो मूल्यांकन (बैंक कारोबार)** | | |
| क) | रु ५ लाख सम्म | ५००।०० |
| ख) | रु १० लाख सम्म | १,०००।०० |
| ग) | रु २० लाख सम्म | २,०००।०० |
| घ) | रु ३० लाख सम्म | ३,०००।०० |
| ङ) | रु ४० लाख सम्म | ४,०००।०० |
| च) | रु ५० लाख सम्म | ५,०००।०० |
| छ) | रु ५० लाख भन्दा माथी | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा ५००।०० का दरले थप हूदै जाने |
| **झ) अन्य दस्तुर** | | |
| १ | निवेदन फाराम प्रति पाना | निशुल्क |
| २ | अनुसूची | निशुल्क |
| ३ | साधारण निवेदन दर्ता शूल्क | निशुल्क |
| ४ | कोटेशन फाराम शूल्क | आर्थिक नियमावली अनुसार |
| ५ | टेण्डर फाराम शूल्क | आर्थिक नियमावली अनुसार |
| ६ | निवेदन नक्कल प्रति पाना | निशुल्क |
| ७ | कोर्ट फि मिनाहा सिफारीस | २००।०० |
| ८ | मिलापत्र दस्तुर प्रति पक्ष (पक्ष र विपक्ष) | ५००।०० |
| ९ | कागज/मञ्जुरीनामा प्रमाणित | २००।०० |
| १० | चौपाया सम्बन्धी सिफरीस | २००।०० |
| ११ | अन्य सिफारिस (योजना भूक्तानीको लागि समेत) | २००।०० |
| **ञ) हैसियत प्रमाणित** | | |
| १ | आर्थिक अबस्था बलियो वा सम्पन्नताको प्रमाणित | २००।०० |
| २ | आर्थिक अबस्था कमजोर वा विपन्नताको प्रमाणित | निशुल्क |
| *क) ऋण तथा बैदेशिक रोजगारीका लागि* | | |
| १. | रु.१० लाख सम्म | १,०००।०० |
| २. | रु.२० लाख सम्म | २,०००।०० |
| ३. | रु.३० लाख सम्म | ३,०००।०० |
| ४. | रु.४० लाख सम्म | ४,०००।०० |
| ५. | रु.५० लाख सम्म | ५,०००।०० |

| सि. नं. | विवरण | नया कर/शूल्क/दस्तुर (रु) |
|---|---|---|
| ६. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | ५००।०० का दरले थप हूदै जाने |
| *ख) अध्ययनको लागि* | | |
| १. | रु.२० लाख सम्मको | १,०००।०० |
| २. | रु.३० लाख सम्मको | १,५००।०० |
| ३. | रु.५० लाख सम्मको | २,५००।०० |
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | २००।०० दरले थप |
| *ग)* | *अंशवण्डा र दानवकसमा* | *२००।००* |
| *घ)* | *गाउँपालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ ।* | |

## चार किल्ला सिफारिस/घरबाटोको सिफारिस

| क्र.सं. | जग्गाको क्षेत्रफल | जग्गाको विवरण | |
|---|---|---|---|
| | | बाटो भएको | बाटो नभएको |
| १. | १ रोपनी सम्म | ५०० | २०० |
| २. | १ देखि १० रोपनी सम्म | ७५०।० | ३००।० |
| ३. | १० रोपनी भन्दा माथि | १,०००।० | ५००।० |

## पशुसेवा तथा कृषिविकास सम्बन्धी

| क्र.स. | विवरण |
|---|---|
| १ | बोका खसी पारेको प्रति बोका रु १०।०० |
| २ | गोरु खसी पारेको प्रति गोरु रु २५।०० |
| ३ | कुकुर उपचार प्रति कुकुर रु २५।०० |
| ४ | कृतिम गर्भाधान प्रति पशु रु २५।०० |
| ५ | साधारण उपचार प्रति पशु रु १०।०० |
| | अनुदान तर्फको निवेदन शुल्क (पशुसेवा, कृषि विकास तथा गा.पा.ले प्रदान गर्ने जुनसुकै अनुदान तर्फ वडाले पालिकामा गर्ने मात्र) |
| १ | रु १०,०००।०० सम्म अनुदान पाउनेमा रु २५।०० |
| २ | रु २०,०००।०० सम्म अनुदान पाउनेमा रु ५०।०० |
| ३ | रु ५०,०००।०० सम्म अनुदान पाउनेमा रु १००।०० |
| ४ | रु १ लाख सम्म अनुदान पाउनेमा रु १५०।०० |
| ५ | रु २ लाख सम्म अनुदान पाउनेमा रु २००।०० |
| ६ | अनुदान तर्फको निवेदन शुल्क (पशुसेवा, कृषि विकास तथा गा.पा. बाहेक अन्य निकायले प्रदान गर्ने जुनसुकै अनुदान रु २००।०० |

## अनुसूची-८
## प्राकृतिक स्रोत (ढुङ्गा, वालुवा, गिटी) सम्बन्धी शुल्क :

मर्स्याङ्दी गाउँपालिकामा अनुसूची (८) मा उल्लेखित प्राकृतिक स्रोत (ढुङ्गा, वालुवा, गिटी) को गाउँपालिकाले ठेक्काको माध्यमबाट नियमानुसारले लगाउने शुल्क तथा गाउँसभा र गाउँकार्यपालिकाले तोके अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

## अनुसुची-९
## अन्य आम्दानी : गाउँपालिकाले ट्राक्टर, व्याकुलोडर लगायतका मेसिनरी सामानहरु

| क.स | नाम | व्यक्तिगत /उपभोक्ता समितिको लागि (रु) | कै. |
|---|---|---|---|
| १ | व्याकुलोडर प्रयोग बापत प्राप्त हुने राजश्व दर (प्रति घण्टा) भ्याट सहित | २,५००।- | |
